# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सञ्चार रणनीति, २०८१

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको

मिति २०८१ असोज १४ गतेको निर्णयबाट स्वीकृत

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सञ्चार रणनीति,

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको**

**मिति २०८१ असोज १४ गतेको निर्णयबाट स्वीकृत**


नेपाल सरकार

**गृह मन्त्रालय**

**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

सिंहदरबार, काठमाडौं

विषयसूची


१. पृष्ठभूमि ..... १

२. अन्तर्राष्ट्रिय प्रतिबद्धता ..... २

३. राष्ट्रिय प्रतिबद्धता ..... २

४. विद्यमान व्यवस्था ..... ३

५. चुनौती तथा अवसर ..... ५

६. आवश्यकता ..... ६

७. क्षेत्र (Scope) ..... ७

८. मार्गदर्शक सिद्धान्तहरू ..... ७

९. दूरदृष्टि (Vision) ..... ९

१०. ध्येय (Mission) ..... ९

११. लक्ष्य (Goal) ..... ९

१२. उद्देश्यहरू (Objectives) ..... ९

१४. रणनीति र कार्यनीति ..... २४

१५. लक्षित वर्ग ..... २८

१६. सञ्चारका माध्यमहरू ..... २९

१७. सञ्चार व्यवस्थापन संयन्त्र ..... २९

१८. अनुगमन तथा मूल्याङ्कन ..... ३०

१९. स्रोत व्यवस्थापन ..... ३०

२०. संचारमा साझेदारी ..... ३०

२१. रणनीतिको पुनरावलोकन ..... ३०



प्रमाणित प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

## १. पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले जोखिमलाई दुई वर्गमा परिभाषित गर्दछः प्राकृतिक प्रकोप र गैरप्राकृतिक विपद्। यसले जोखिमहरूको विविध स्रोत र प्रभावलाई प्रस्ट्याउँदै प्रत्येक प्रकारको जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि फरक रणनीतिहरूको आवश्यकता रहेको देखाउँछ।

प्राकृतिक प्रकोपहरू भन्नाले विपद् निम्त्याउन सक्ने प्रकृतिका प्रक्रियाहरू वा घटनाहरू भनेर बुझिन्छ। यसमा हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोट (GLOF), अतिवृष्टि, खडेरी र भूकम्प जस्ता घटनाहरू पर्छन्। साथै, बाढी, पहिरो, भूस्खलन, डुबानजस्ता सहायक र क्रमिक घटनाहरू पनि यसमा पर्दछन्। अत्यधिक गर्मी, शीतलहर र चट्याङजस्ता चरम मौसमीय परिस्थितिहरूले प्राकृतिक खतराहरूको दायरालाई अझै फराकिलो बनाउँछ। यी प्रकोपहरूका कारण मानवीय र भौतिक क्षति भयो भने त्यसलाई विपद् भनिन्छ।

गैरप्राकृतिक विपद्हरू भन्नाले मानिसका क्रियाकलाप वा वातावरणसँगको अन्तरक्रियाबाट उत्पन्न हुने विपद् हुन्। यसमा महामारी, अनिकाल, डढेलो, विषालु पदार्थहरूको चुहावट, आगलागी र औद्योगिक दुर्घटनाहरू जस्ता घटनाहरू समावेश छन्। साथै, जनावर आक्रमण, हवाई वा सडक दुर्घटना र वातावरणीय प्रदूषणजस्ता जोखिमहरूले मानिस र प्रविधिसँग सम्बन्धित कमजोरीहरूलाई पनि प्रस्ट्याउँछन्।

यी दुई प्रकारको वर्गीकरणले विपद् व्यवस्थापन र पूर्वतयारीका तथा सूचना आदनप्रदानका लागि आधार प्रदान गर्दछ, जसले जोखिमहरूको प्रकृति र कारण अनुसार रणनीतिहरूलाई समायोजन गर्दछ। प्राकृतिक र गैरप्राकृतिक दुवै प्रकारका विपद्हरूलाई सम्बोधन गरेर ऐनले समुदाय र पारिस्थितिकीलाई सुरक्षित राख्न अग्रसर हुने र समावेशी दृष्टिकोणलाई प्रोत्साहन गर्दछ।

२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प विक्रम संवत १९९० पछिको सबैभन्दा ठूलो विपद् हो जसमा ८ हजार ९७९ को मृत्यु भयो, २२ हजार ३०९ घाइते भए। विपद्पछिको आवश्यकता आंकलन (PDNA) का अनुसार उक्त भूकम्पले ७ खर्ब ६ अर्बभन्दा बढीको भौतिक क्षति गर्यो। उक्त आंकलनका अनुसार भूकम्पबाट ४ लाख ९८ हजार ८५२ निजी आवास पूर्ण रूपमा क्षतिग्रस्त भए भने २ लाख ५६ हजार ६९७ घरमा क्षति पुग्यो। त्यस्तै, ७ हजार ५५३ विद्यालय, १ हजार १९७ स्वास्थ्य संस्था, ९२० साँस्कृतिक सम्पदा, ४१५ सरकारी भवन क्षतिग्रस्त भए।

त्यसपछिका करिब आठ वर्षको तथ्यांक हेर्ने हो भने नेपालमा विपद्बाट हुने जनधनको क्षति चिन्ताजनक नै देखिन्छ। बाढी, पहिरो, आगलागी, चट्याङ र हावाहुरीजस्ता विपद्का कारण पछिल्लो आठ वर्ष (२०७३ बैशाख १ गतेदेखि २०८० चैत्र ३० गते सम्म)मा विपद्का ३३ हजार ३५५ घटना भएका छन् जसमा परी ४ हजार ४२५ जनाको मृत्यु भयो। ५२५ जना बेपत्ता भए भने १२ हजार ६३६ घाइते हुन पुगे। यी विपद्का घटनाबाट १ लाख ७२ हजार ३८ परिवार प्रभावित हुँदा ४६ हजार ५३२ घर पूर्ण क्षतिग्रस्त बन्न पुगे भने ७१ हजार ९६१ घरमा आंशिक क्षति पुग्न गयो। २७ अर्ब ३९ करोड ७९ लाख रुपैयाँभन्दा बढीको क्षति भएको अनुमान छ। यसमा सडक तथा हवाई दुर्घटनाको पनि तथ्यांक थप्ने हो भने चित्र झन् भयावह देखिन्छ।

भौगोलिक अवस्थिति एवं बनोट, मौसम प्रणाली, जलवायु परिवर्तन, कमजोर संरचना एवं अव्यवस्थित सहरीकरणका कारण नेपाल विपद्को उच्च जोखिममा छ। सर्वसाधारणसँग विपद्सँग जुध्ने पर्याप्त चेतना तथा आर्थिक सामर्थ्यको अभावमा पनि विपद्को जोखिम बढेको छ। तथ्य एवं अनुभवहरूले विपद् जोखिमका बारेमा जनस्तरसम्म व्यवस्थित सञ्चार गरी जनचेतना अभिवृद्धि गर्दा विपद् जोखिमबाट हुने जनधनको क्षतिमा उल्लेखनीय कमी ल्याउन सकिने देखाएको छ। प्रभावकारी सञ्चारले विपद् न्यूनीकरण तथा व्यवस्थापन महत्त्वपूर्ण भूमिका खेल्दछ।



प्रमाणित प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

## २. अन्तर्राष्ट्रिय प्रतिबद्धता

विपद् जोखिम सम्बन्धी बुझाईलाई अभिबृद्धि गर्दै जनधनको क्षति न्यून गर्न एवं उत्थानशील समाजको निर्माण गर्न प्रभावकारी सूचना प्रणालीको विकास तथा सूचना प्रवाह गर्न नेपालले विभिन्न अन्तराष्ट्रिय सम्झौता तथा पहलहरूमा प्रतिबद्धता जनाएको छ। सोहीअनुसार राष्ट्रिय स्तरमा ऐन, नीति, योजना तथा कार्ययोजना पनि विकास गरेको छ।

**दिगो विकास लक्ष्य नं. १३** मा सबै मुलुकमा विपद्जन्य जोखिम तथा प्राकृतिक प्रकोपसमेतलाई सामना गर्न उत्थानशील तथा अनुकूलन क्षमतालाई सबल बनाउने, जलवायु परिवर्तनका उपायहरूलाई राष्ट्रिय नीति, रणनीति र योजनाहरूमा समायोजन गर्ने, जलवायु परिवर्तनलाई न्यूनीकरण, अनुकूलन, प्रभाव न्यूनीकरण तथा पूर्व सावधानी गराउन शिक्षा, जनचेतना अभिवृद्धि तथा संस्थागत क्षमतामा सुधार गर्ने लगायतका प्रमुख परिमाणात्मक लक्ष्यहरू प्रस्ताव गरिएका छन्।

**विपद् जोखिम न्यूनीकरणको सेन्डाई फ्रेमवर्क (सन् २०१५— सन् २०३०)** ले विपद् जोखिमका नयाँ घटनालाई रोकथाम गर्न र विद्यमान जोखिमलाई कम गर्न जनचेतनालाई प्रवर्द्धन गर्ने गरी राष्ट्रिय रणनीतिको तर्जुमा एवं कार्यान्वयनमा जोड दिन्छ। फ्रेमवर्कमा विपद्बाट प्रभावित हुनेको सङ्ख्या घटाउने, आर्थिक हानी न्यून गर्ने तथा पूर्वाधारमा हुने क्षतिका कारण सेवा प्रवाहमा हुने बाधा कम गर्ने गरी सबै पक्ष राष्ट्रहरूले जोखिम न्यूनीकरण रणनीति बनाउनुपर्ने, अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन गर्ने र विपद जोखिमको पूर्वजानकारी प्रणाली विकसित गर्नुपर्ने उल्लेख गरिएको छ।

**जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौतामा** जलवायु परिवर्तनलाई सम्बोधन गर्न सबै पक्ष राष्ट्रहरूले आ-आफ्ना राष्ट्रिय कानून बमोजिम सरकारका सबै तह र विभिन्न पक्षहरूको संलग्नताको महत्वलाई आत्मसात गरिएको छ। साथै, विकासोन्मुख पक्ष राष्ट्रहरूले आ—आफ्ना हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण प्रयासहरूलाई बढाउँदै लैजानु पर्नेमा जोड दिँदै तिनीहरूलाई फरक फरक राष्ट्रिय अवस्थाका सन्दर्भमा अर्थतन्त्रमा आधारित उत्सर्जन न्यूनीकरण वा सीमित गर्ने लक्ष्यतर्फ समयानुरूप अघि बढ्न प्रोत्साहित गरिएको छ। सम्झौताले जलवायु परिवर्तन अनुकूलन हुनेगरी सरकारका सबै तह र जनस्तरमा सञ्चार प्रवाह गरिनु जरुरी रहेकोमा पनि जोड दिएको छ।

**सबैका लागि पूर्वसूचना अभियानमार्फत्** संयुक्त राष्ट्रसंघले मौसम, जल तथा जलवायु प्रकोपबाट हुने जनधनको क्षतिलाई न्यून गर्ने लक्ष्य लिएको छ। सन् २०२२ नोभेम्बरमा घोषित पाँच वर्षे यस पहलकदमीबाट राष्ट्रसंघले पृथ्वीमा बस्ने हरेक व्यक्ति कुनै पनि मौसमी प्रकोपअघि पूर्वसूचनामार्फत् सुरक्षित हुनुपर्ने उद्देश्य राखेको छ। यो अभियान पहिलो चरणमा नेपालसहित ३० वटा राष्ट्रमा कार्यान्वयन हुनेछ। यूएनडिआरआरका अनुसार पूर्वसूचना प्रणालीले बहुप्रकोपलाई सम्बोधन गर्दै प्रकोप पहिचानदेखि कार्यान्वयनसम्म सम्पूर्ण प्रणाली समेट्दै जनसमुदायकेन्द्रित हुनुपर्छ। साथै, जोखिमको ज्ञान, जोखिमको अनुगमन र तथ्यांक विश्लेषण, जोखिमको सूचना प्रवाह, क्षमता अभिवृद्धि र प्रतिकार्यमा केन्द्रित भई समुदायसम्म जोखिमपूर्वको सूचना पुऱ्याउनुपर्ने समेत उल्लेख छ।

## ३. राष्ट्रिय प्रतिबद्धता

**विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५** ले विपद् जोखिमको बुझाइ अभिवृद्धि गर्ने तथा सबै तह र वर्गमा विपद् जोखिमसम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। उक्त दस्तावेजले जनचेतनामूलक तथा सूचनामूलक कार्यक्रमहरू तयार गरी सूचना तथा सञ्चारका माध्यमहरूको प्रभावकारी उपयोगमार्फत् सबैमा पहुँच हुनेगरी विपद् सम्बन्धी जानकारी, सचेतना र सिकाइ समुदायस्तरसम्म अभिवृद्धि गर्ने नीति पनि लिएको छ।



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

**विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८— सन् २०३०)** ले जनचेतनालाई विपद् जोखिम न्यूनीकरणको एक निर्देशक सिद्धान्तका रूपमा लिएको छ। यस कार्ययोजनाले विपद् जोखिम पहिचान, जनचेतना वृद्धि र समुदायको निर्णय क्षमता अभिवृद्धिलाई प्राथमिकता दिएको छ। कार्ययोजनाको मार्गदर्शक सिद्धान्तहरूमध्ये विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा लिङ्ग, उमेर र अपाङ्गताको आधारमा छुट्टाछुट्टै अद्यावधिक, बृहत्तर, परम्परागत ज्ञानलाई औपचारिक र सम्मानपूर्ण मान्यता दिई विज्ञानमा आधारित तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदान र प्रचार प्रसारको माध्यमबाट समावेशी तरिकाले जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गर्ने उल्लेख छ।

**१६ औं योजना (२०८१/८२ - २०८५/८६)** ले जलवायु उत्थानशीलता र समावेशी विकास गर्ने, नेपालका जलवायु परिवर्तनका मुद्दाहरूको अन्तर्राष्ट्रियकरण गर्ने, स्वस्थ्य समाजका लागि प्रदूषण नियन्त्रण गर्ने तथा तुलनात्मक लाभमा आधारित हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने रुपान्तरणकारी रणनीति लिएको छ। त्यस्तै, हरित उत्थानशीलता र समावेशी विकासका लागि जलवायु वित्त परिचालन गर्ने, वातावरण तथा जलवायु सवालहरूको मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने एवं नीतिगत सुधार तथा संस्थागत क्षमता विस्तार गर्ने रणनीतिहरू पनि लिइएको छ।

**सञ्चार तथा सूचना प्रविधि नीति,** २०७२ मा प्राकृतिक प्रकोप पूर्वतयारी, न्यूनीकरण तथा उद्धारका लागि प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, पूर्वानुमान, पूर्वतयारी तथा उद्धारमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबारे कार्यक्रम तर्जुमा गरी लागू गर्न जोड दिइएको छ। त्यसैगरी, विपद्को क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा भएका सफल अभ्यासलाई नेपालको सन्दर्भमा प्रभावकारी बनाउन विशेष पहल गर्ने उल्लेख गरिएको छ। यी कार्य गर्न आपतकालीन दूरसञ्चार रणनीति तयार गरी कार्यान्वयन गर्ने भनिएको छ।

## ४. विद्यमान व्यवस्था

### क) संवैधानिक, कानूनी एवं नीतिगत व्यवस्था

नेपालको संविधानको धारा ५१ को राज्यका नीतिहरूमध्ये प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने भनिएको छ।

प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभलाई संघ र प्रदेशको साझा अधिकार संविधानको अनुसूची ७ मा राखिएको छ। त्यसैगरी, विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकार अनुसूची ८ मा उल्लेखित छ। यसलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची ९ मा पनि राखिएको छ।

अन्तर्राष्ट्रिय प्रतिबद्धता, विगतका विपद्हरूको अनुभव एवं नेपालको संविधान बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ। ऐनले विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी जनधनको संरक्षण गर्ने मूलभूत लक्ष्य राखेको छ।

हाल निम्न नीति, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन, कार्ययोजना आदिले प्राधिकरणका काम कार्वाहीलाई निर्देशत गरिरहेका छन्-

(क) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५
(ख) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-सन् २०३०)
(ग) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
(घ) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्यसञ्चालन मार्गदर्शन, २०७७



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

(ङ) विपद् व्यवस्थापन स्वयंसेवक ब्यूरो गठन तथा परिचालन कार्यविधि, २०७८

(च) विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८

(छ) विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९

(ज) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना, २०८१

(झ) विपद्बाट प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१

(ञ) विपद्बाट प्रभावित अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१

(ट) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्था परिचालन कार्यविधि, २०८१

(ठ) विपद् लेखाजोखा मार्गदर्शन, २०७२

(ड) विपद् पीडित उद्धार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७,

(ढ) राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (संशोधन २०७५)

(ण) प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३

**ख) संस्थागत व्यवस्था**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरू सञ्चालनका लागि संघ, प्रदेश र स्थानीय तहको कार्य एवं जिम्मेवारीलाई स्पष्ट गरेको छ। ऐनले विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई नीतिगत रूपमा मार्गनिर्देश गर्न प्रधानमन्त्रीको अध्यक्षतामा **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्** व्यवस्था गरेको छ।

नेपाल सरकारका सरोकारवाला मन्त्रीहरू, सबै प्रदेशका मुख्यमन्त्रीहरू, प्रतिनिधिसभाको विपक्षी दलका नेतालगायत रहने परिषद्ले विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति तथा योजना स्वीकृत गर्ने, विपद् व्यवस्थापन सम्बन्धमा अङ्गीकार गर्नुपर्ने नीति तथा योजनाका सम्बन्धमा कार्यकारी समिति र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई आवश्यक निर्देशन दिने, विपद् व्यवस्थापन सम्बन्धी कार्यमा प्रदेश तथा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्नेलगायतका कार्यहरू गर्दछ।

परिषद्बाट स्वीकृत नीति तथा योजनाको कार्यान्वयन गर्ने/गराउने कार्यका लागि नेपाल सरकारका गृहमन्त्रीको अध्यक्षतामा **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति** रहने व्यवस्था छ। सहरी विकास, स्वास्थ्य तथा जनसङ्ख्या एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रीहरूसमेत रहने समितिले विपद् जोखिम न्यूनीकरण, प्रतिकार्य तथा पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने/गराउने एवं विपद् व्यवस्थापन सम्बन्धी रणनीतिक योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने/गराउने लगायतका जिम्मेवारीहरू वहन गर्दछ।

कार्यकारी समितिको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न **राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण** रहेको छ। प्राधिकरणले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि जनचेतना, अध्ययन अनुसन्धान गर्ने/गराउनुका साथै राज्यका सरोकारवाला निकायदेखि गैरसरकारी संस्था एवं स्थानीय समुदायसम्मलाई संलग्न गराउने मुख्य कार्यहरू गर्दछ। त्यस्तै, विपद्का घटना हुनासाथ त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्ने/गराउने र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित निकायसँग समन्वय गर्ने कार्य गर्दछ।



प्रमाणित प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

ऐनले सातवटै प्रदेशमा प्रदेशका मुख्यमन्त्रीको अध्यक्षतामा **प्रदेश विपद् व्यवस्थापन परिषद्** र आन्तरिक मामिला हेर्ने मन्त्रीको अध्यक्षतामा **प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति**को व्यवस्था गरेको छ। त्यसैगरी, सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा **जिल्ला विपद् व्यवस्थापन समिति** र गाउँ/नगर कार्यपालिकाको अध्यक्ष/प्रमुखको अध्यक्षतामा प्रत्येक गाउँपालिका तथा नगरपालिकामा **स्थानीय विपद् व्यवस्थापन समिति** रहने व्यवस्था गरेको छ। यी समितिहरूलाई आफ्नो कार्यक्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापको रेखदेख, सञ्चालन तथा अनुगमनको जिम्मेवारी तथा अधिकार प्रदान गरिएको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले विपद् व्यवस्थापनका लागि केन्द्रीयस्तरमा एउटा छुट्टै **विपद् व्यवस्थापन कोष** (विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९) को व्यवस्था गरेको छ। त्यसैगरी, प्रत्येक प्रदेश, जिल्ला र स्थानीय तहमा पनि **विपद् व्यवस्थापन कोष** रहने व्यवस्था छ।

यी संस्थागत व्यवस्थाले विगतमा विपद्लाई दैवी प्रकोपमा रुपमा लिई विपद्पश्चातको उद्धार एवं राहतमा सीमित गर्ने विपद् व्यवस्थापनको अभ्यासलाई पूर्वतयारी, पूर्वकार्य, विपद् प्रतिकार्य हुँदै विपद् पुनर्लाभसमम्मका सबै चरण एवं कार्यलाई समेटेको छ।

## ५. चुनौती तथा अवसर

विपद्को बद्लिदो प्रकृति र प्रवृत्ति, प्रकोपमा भइरहेको विस्तारका साथसाथै सञ्चारका माध्यमहरूमा भइरहेको विकासले विपदसम्बन्धी सञ्चारमा चुनौती र अवसर दुवै छन्। तिनलाई यसप्रकार उल्लेख गर्न सकिन्छः-

### क) चुनौती

- विपद् जोखिमका बारेमा सञ्चार गर्न ठूलो आर्थिक स्रोत तथा जनशक्तिको प्रबन्ध गर्नुपर्ने, विश्वसनीय एवं उपयोगी तथ्याङ्क उपलब्ध गराउनुपर्ने, रोकथाम र पूर्वतयारीबारे सञ्चारमाध्यमको भूमिका अभिवृद्धि गराउनुपर्ने,
- विपद् जोखिमसम्बन्धी सञ्चारमाध्यमले दिने सामग्रीमा स्थानीय सन्दर्भहरू समेट्न प्रेरित गर्नुपर्ने,
- विपद् न्यूनीकरण तथा पूर्वतयारी एवं प्रतिकार्यबारे समुदाय, स्थानीय जनप्रतिनिधि, सञ्चारकर्मी, शिक्षक आदिमा पर्याप्त जानकारी पुर्याउनुपर्ने,
- विपद् जोखिम क्षेत्रका नागरिकलाई विपद्का सूचना र समाचारमा पर्याप्त ध्यान दिन अभिप्रेरित गर्नुपर्ने,
- विपद् जोखिम न्यूनीकरणबारे परिवारका सदस्य, साथी, छरछिमेक, विद्यालय आदिमा छलफल गर्ने अभ्यासमा वृद्धि गर्नुपर्ने,
- मौसम पूर्वानुमान र पूर्वचेतावनी प्रणालीबारे विश्वास जगाउने कार्य गर्नुपर्ने र जनस्तरमा पूर्वानुमानको अध्यावधिक लिने बानीको विकास गर्न अभिप्रेरित गर्नुपर्ने,
- नेपालको भौगोलिक विविधता एवं जटिलताका बावजुद सञ्चारलाई सर्वसुलभ बनाउनु पर्ने। जातीय, भाषिक र साँस्कृतिक विविधतालाई समेट्ने गरी बहुभाषामा सामग्री उत्पादन गर्नुपर्ने,
- मिडिया उपयोग गर्ने अभ्यासमा भएको विविधताका कारण उपयुक्त प्रकारको सञ्चार माध्यममा लगानी गर्नुपर्ने;
- विपद् जोखिम न्यूनीकरणका गतिविधिमा काम गर्न उत्प्रेरणा जगाउनु पर्ने।
- नेपालीमा जलवायुजन्य प्रकोपहरू र अन्य प्रकोपहरूको लागि प्रारम्भिक चेतावनीको क्षमता वृद्धि गरी सर्वसाधारणलाई भरपर्दो जानकारी उपलब्ध गराउनुपर्ने।
- मिथ्यासूचनाबाट नागरिकलाई जोगाउन सामयिक र तथ्यपूर्ण सूचना प्रवाह गर्नुपर्ने।



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

ख) अवसर

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संवैधानिक प्रत्याभूति, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना लगायतका नीतिगत तथा कानुनी व्यवस्था अवसरहरू हुन्। यसका अतिरिक्त निम्नानुसार अवसर छन् :-

- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको गठन भई सञ्चालन हुनु, सबै तहका सरकारमा विपद् जोखिम व्यवस्थापनको अधिकार र जिम्मेवारी बाँडफाँड हुनु,
- विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन हुँदै जानु। सञ्चारमाध्यम, निजी क्षेत्र, गैरसरकारी संस्थाहरू तथा समुदायको सचेतना र चासो अभिवृद्धि हुँदै जानु,
- विकासका कार्यहरू सञ्चालन गर्दा विपद् जोखिमको पक्षलाई ध्यान दिइनु। विकास साझेदार तथा दातृ निकायहरूको सहयोगमा वृद्धि हुँदै जानु,
- विपद्को क्षेत्रमा क्रियाशील सरकारी, विकास साझेदार, गैर सरकारी, निजी, प्राज्ञिक र सञ्चार क्षेत्रबीच समन्वयात्मक तवरले सहकार्य गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको व्यवस्था हुनु। मञ्चमा सञ्चार सम्बन्धी विषयगत समूह नै क्रियाशील हुनु,
- सामाजिक संजालको माध्यमबाट सहज र कम लागतमा सञ्चार गर्ने अवसर प्राप्त हुनु। आधुनिक प्रविधिको विकास हुँदै जानु, ती प्रविधिमा राष्ट्रको पहुँच विस्तार हुँदै जानु,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा शैक्षिक तथा प्राज्ञिक एवं अनुसन्धन क्षेत्रहरूको सहभागितामा वृद्धि हुनु,
- विपद् जोखिम न्यूनीकरण सबैको साझा दायित्व र जिम्मेवारी हो भन्ने भावनाको विकास हुँदै जानु।
- मौसम पूर्वानुमानमा उल्लेखनीय सुधार र पूर्वचेतावनी प्रणालीको स्थापनाबाट नागरिकलाई समयमै सावधान गराई जनधनको क्षति कम गर्न सक्नु।
- विपद् सम्बन्धी भौगोलिक सूचना प्रणालीमा आधारित एकीकृत सूचना व्यस्थापन प्रणाली (विपद् पोर्टल) विकास भएको र यो प्रणालीले स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म विपद् सम्बन्धी तथ्यांक साझेदारीलाई प्रवर्द्धन गर्नु।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्था परिचालन कार्यविधिमार्फत् प्राथमिकताका क्षेत्रमा योजनाबद्ध परिचालन गर्न सक्ने वातावरण बन्नु।

६. आवश्यकता

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनलगायत नीति, कार्यविधि, कार्यढाँचा आदिले विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना वृद्धि गर्न/गराउने, सूचना प्रणलीको विकास गर्न योजनाबद्ध सञ्चारमा जोड दिएका छन्। विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) ले संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम सूचना साझेदारी गर्न सञ्चार तथा प्रसार रणनीति र कार्यविधि तयार पार्नुपर्ने उल्लेख गरिएको छ।

सञ्चार रणनीति आवश्यक हुनाका अन्य कारणहरू निम्नानुसार छन्:-

- विपद् जोखिमको बुझाइलाई प्राथमिकतामा राख्दै संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम सूचना साझेदारी गर्न,
- विपद् जोखिम सम्बन्धी सूचना, शिक्षा, सञ्चार (information, education and communication) सामग्रीहरूको गुणस्तर कायम गर्न,



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

- विपद्को प्रदेशगत, भौगोलिक एवं अतिप्रभावित क्षेत्र (hotspot), ती अतिप्रभावित क्षेत्रका मुख्य भाषा तथा प्रभावकारी सञ्चार माध्यमको पहिचान गरी सोहीअनुसार कार्ययोजना बनाउन,
- विपद्सम्बन्धी विषयवस्तुलाई नेपाली प्रकथन (discourse) को मूलप्रवाहमा ल्याउन। प्राज्ञिक ज्ञान तथा बहसमार्फत् विपद् जोखिमबाट हुने जनधनको क्षति न्यून गर्न,
- सञ्चारका माध्यमहरूमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी धेरैभन्दा धेरै विषयवस्तु समावेश गर्न;
- विपद्सम्बन्धी सही सूचना तथा जानकारीको अभावबाट हुनसक्ने क्षतिलाई कम गर्न,
- सञ्चारको क्षेत्रमा अन्य समुदायमा भएका असल अभ्यासहरूलाई विस्तार गर्न, भइरहेका अभ्यासमा भएका रिक्तता पूर्ति गर्न,
- विपद् व्यवस्थापनमा नागरिकलाई अभिप्रेरित गर्न, स्वयंसेवी भावनाको विकास गर्न तथा योग्य जनशक्तिको विकासमा टेवा पुर्याउन,
- सूचनाको आधिकारिक स्रोतको विकास गर्न तथा आधिकारिक स्रोतलाई स्थापित गर्न,
- विपद्को समयमा सही सूचनाको अभावमा अथवा मिथ्या सूचना वा भ्रमको कारण निम्तन सक्ने दुष्प्रभावलाई कम गर्न,
- सञ्चारका पछिल्ला अवसरहरूबाट विपद् सम्बन्धी बुझाइमा अभिवृद्धि गर्दै विपद्का चुनौतीहरूको सामना गर्न,
- प्रदेश, जिल्ला र स्थानीय तहका विपद् व्यवस्थापन समितिहरूसँग समन्वयात्मक सञ्चार गर्न, अन्तर सरकारी निकायका साथै सरोकारवाला निकायहरूका सञ्चार इकाइहरूबीच समन्वय गर्न,
- आवधिक सञ्चार कार्ययोजना तयार गरी कार्यान्वयन गर्न।
- सबैका लागि पूर्वसूचना पहलकदमीले जोखिमको ज्ञान, जोखिमको अनुगमन र तथ्यांक विश्लेषण, जोखिमको सूचना प्रवाहमा जोड दिन निर्देशित गरेकोले।

## ७. क्षेत्र (Scope)

सञ्चार रणनीतिले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रक्रियालाई सहयोग गर्न सञ्चारका उल्लिखित तीनवटा प्राथमिकतायुक्त क्षेत्रसँग सम्बन्धित पक्षहरूलाई समेट्छः

- **बाह्य सञ्चारः** विपद् जोखिम क्षेत्रका प्रभावित तथा सम्भाव्य जोखिम क्षेत्रका जनसङ्ख्या, उद्धार, राहत तथा पुनर्स्थापनाका लाभग्राही, सरोकारवाला निकायहरू, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रक्रियाका विभिन्न हिस्सेदार।
- **पहुँचः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा समुदायलाई सहयोग गरिरहेका संस्था तथा व्यक्तिहरू, स्थानीय अधिकारीहरू, सञ्चारकर्मीसँगको प्रत्यक्ष अन्तरक्रिया।
- **सार्वजनिक सम्बन्धः** आमसञ्चार, विचार निर्माणकर्ता, विज्ञ, शैक्षिक एवं प्राज्ञिक संस्थाहरू तथा सूचना प्रवाहकर्ता।

## ८. मार्गदर्शक सिद्धान्तहरू

राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता समेतका आधारमा यस रणनीतिका मार्गदर्शक सिद्धान्तहरू देहाय बमोजिम रहेका छन्:-



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

**सूचनामा पहुँचः** सूचनाको हकको पालना गर्दै विपद जोखिमको सूचनामा सबै सरोकारवाला तथा संवेदनशील समुदायको पहुँच सुनिश्चित गरिनेछ।

**विश्वास निर्माणः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै कार्यमा प्राधिकरण लगायतका निकायले गरेका पहल तथा प्रयासप्रति आम जनतासहित सरोकारवालाले विश्वास गर्ने वातावरण निर्माण गरिनेछ। विपद्को क्षेत्रमा यस प्राधिकरणलाई विश्वसनीय र भरोसायोग्य निकायका रूपमा स्थापित गरिनेछ। सरकारी निकायहरू र अन्य संस्थाबाट प्रकाशित प्रारम्भिक चेतावनी जानकारी र अन्य डाटासेटलाई विश्वसनीय ढंगले विकास गरिनेछ।

**सहभागिताः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको वृहत् तथा गहन दायित्व पूरा गर्न सबै सरोकारवालाबीच सूचना, धारणा तथा विचारको आदानप्रदानमार्फत् सामूहिक सहभागिता र अपनत्वलाई प्रोत्साहित गरिनेछ।

**पारदर्शिताः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयहरू आम नागरिकसमक्ष प्रस्तुत गर्न, ती विषयहरूलाई आम नागरिकले बुझ्न सक्ने बनाउन र आधारभूत जानकारीका लागि नागरिकको सहज पहुँच स्थापित गर्न पारदर्शिता कायम गरिनेछ। विपद् र जलवायु परिवर्तन सम्बन्धी डाटासेटहरूमा खुला दृष्टिकोण अपनाइनेछ र डाटासेटहरू सर्वसाधारणको पहुँचमा उपलब्ध गराइनेछ।

**समान बुझाइः** विपद् जोखिमका सबै आयाम, न्यूनीकरण तथा व्यवस्थापनका सबै कार्यहरूका सम्बन्धमा विभिन्न तहका सरकार, आमसञ्चार जगत्, निजी क्षेत्रसहित नागरिक स्तरसम्म समान बुझाई निर्माण गर्न निरन्तर प्रयास गरिनेछ।

**तटस्थताः** विपद् जोखिमसम्बन्धी सञ्चार कार्य गर्दा कुनै विचार, जाति, धर्म, लिङ्ग, समुदायप्रति कुनै खालको भेदभाव गरिनेछैन। कुनै प्रकारको पक्षधरताविना निश्पक्ष ढंगले सञ्चार कार्य गरिनेछ।

**समयोचितः** प्रकोपको प्रकृति, मौसमी प्रकोप तथा प्रकोपको बदलिंदो प्रवृत्तिअनुसार सामयिक सञ्चार गर्न जोड गरिनेछ। नागरिकहरूले सहज रूपमा बुझन् सक्ने एवं संलग्न हुनसक्ने सञ्चारका माध्यमको प्रयोग गरिनेछ।

**सामूहिक प्रयासः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मिलेर काम गर्न, एकअर्कालाई प्रेरित गर्न र स्वयंसेवी भावना जागृत गर्न निरन्तर प्रयास गरिनेछ। विपद् र जलवायु परिवर्तनका जोखिम न्यूनीकरणका उपायहरूमा स्थानीय सहभागिता र आदिवासी समुदायहरूको सक्रिय संलग्नता बढाइनेछ।

**अन्तरक्रियात्मकः** नागरिकका प्रश्न, चासो, विचार र प्राथमिकतालाई निरन्तर समेट्ने प्रयास गरिनेछ। सञ्चार सन्देश प्रवाहलाई दुईतर्फी बनाई सम्बन्धित निकाय, सरोकारवाला तथा आम नागरिकले टिप्पणी तथा सुझाव दिन सक्ने माध्यमहरूमा जोड दिई प्राप्त पृष्ठपोषणबाट निरन्तर सुधार गरिनेछ। नागरिक विज्ञानको (Citizen Science) दृष्टिकोण र सार्वजनिक सहभागितालाई प्रवर्द्धन गरिनेछ।

**सम्मानः** नागरिकको यथासमयमा सूचना प्राप्त गर्ने अधिकार, उनीहरूको गोपनीयता तथा सुरक्षाको अधिकारको सम्मान गरिनेछ। असल मूल्यमान्यता, अभ्यास तथा परम्पराको पालना गरिनेछ।

**समानुभूतिः** सञ्चारसम्बन्धी नीति निर्माण तथा कार्यान्वयन गर्दा विपद्बाट प्रभावित, जोखिम वर्ग, क्षेत्र र समूह, अपाङ्गता भएका नागरिकहरूलाई पनि संलग्न गरिनेछ।

**समावेशिताः** महिला, विपन्न र एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक, विपन्न परिवार, निरक्षर समुदायहरूका विशेष आवश्यकता अनुरूप सञ्चारका विधि, माध्यम, भाषा वा विषयवस्तु समेटिनेछ।



प्रमाणित प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

**सूचनाको सदाचारिताः** प्रयोगकर्ता एवं पृष्ठपोषणकर्ताको जानकारी एवं सूचनाको गोपनियता कायम राख्दै, सूचनामा अनाधिकृत पहुँच रोक्दै तथा आवश्यक परेका बेला सूचना उपलब्ध हुने सुनिश्चितता गर्दै सदाचारिता कायम गरिनेछ। साथै, सूचनाको सुसङ्गति, स्पष्टता र विश्वनीयता कायम गरिनेछ।

**सूचनाको बोधगम्यताः** सूचना सम्प्रेषण गर्दा सकेसम्म सरल भाषाको प्रयोग गरिनेछ। संभव भएसम्म विभिन्न स्थानीय भाषा, श्रव्य एवं दृश्य सामग्रीका अतिरिक्त सांकेतिक भाषा समावेश गरी एवं आशय दुरुस्त रहने गरी अनौपचारिक संवादमार्फत् संचार गरिनेछ।

## ९. दूरदृष्टि (Vision)

विपद् जोखिमबाट सुरक्षित तथा उत्थानशील राष्ट्र निर्माणका लागि प्रमाणमा आधारित भरपर्दो, सामयिक, तथ्यपूर्ण तथा व्यवस्थित सञ्चार।

## १०. ध्येय (Mission)

सक्रिय र विश्वसनीय सञ्चारको उपयोगबाट समयमै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाई जनधनको क्षति न्यूनीकरण एवं उत्थानशील पुनर्निर्माणमा योगदान पुऱ्याउने।

## ११. लक्ष्य (Goal)

विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन एवं पुनर्निर्माणका लागि विपद् जोखिमको सूचनामा पहुँच तथा बुझाइमा अभिवृद्धि गर्दै नागरिकको आनीबानीमा परिवर्तन (behavioral change) ल्याउने।

## १२. उद्देश्यहरू (Objectives)

सबै खालका विपद् जोखिमबाट मानिसको जीवन, सम्पत्ति, स्वास्थ्य एवं जीविकोपार्जन सुरक्षित राख्न, समुदाय तथा राष्ट्रका भौतिक, सामाजिक, साँस्कृतिक एवं प्राकृतिक सम्पदामा हुने क्षति न्यूनीकरण गर्नु यस रणनीतिको प्रमुख उद्देश्य रहेको छ। रणनीतिक अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय सरकारका विषयगत निकायहरू, प्रदेश तथा स्थानीय तह, विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र, सञ्चार क्षेत्र र सरोकारवाला बीचको विपद् जोखिम सम्बन्धी सञ्चारलाई विपद् जोखिमको तथ्यमा आधारित बनाउनु,
- विपद् जोखिमको सम्भाव्यता, अवस्था, प्रकृति, गहनता र प्रभावित समुदायको आवश्यकता अनुसार प्रभावकारी सञ्चार क्रियाकलाप तथा सञ्चार माध्यमको पहिचान र उपयोग गर्दै विपद् जोखिमको वृहत्तर बुझाई अभिवृद्धि गर्नु,
- विपद्का दौरान चुस्त र दुरुस्त सञ्चारमार्फत् खोज, राहत र उद्धार कार्यलाई प्रभावकारी बनाउनु,
- अझ राम्रो, बलियो र सुरक्षित (build back better and safer) को अवधारणा अनुरूप पुनर्लाभ, पुनर्निर्माण तथा पुनर्स्थापना गर्न सहयोग पुर्याउनु।

प्रमाणित प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

## १३. प्राधिकरण र सरोकारवालाबीच संचार समन्वय

प्राधिकरणले आफ्नो जिम्मेवारीका दौरान विभिन्न सरोकारवाला एवं साझेदारहरू सरोकारवालासँग रणनीतिक संचार गर्न आवश्यक हुन्छ। यद्यपि, प्राधिकरणलाई दिइएको जिम्मेवारीका आधारमा हुने सम्पर्क र सम्बन्ध विश्लेषण गर्दा सरोकारवालाहरूको वर्गीकरण यसप्रकार हुने देखिन्छ। यहाँ उल्लिखित सरोकारवालाको वर्गीकरण स्थायी प्रकृतिको होइन, बरु विपद्पूर्व, विपद्का क्रममा र विपद्पश्चात आवश्यकतानुसार उही सरोकारवाला कहिले निकटवर्ती, कहिले प्रतिवेशी त कहिले मुख्य सरोकारवाला समेत हुन सक्छ।

क) सरोकारवालाहरूको वर्गीकरण

| मुख्य सरोकारवाला (**Core Stakeholders**) | निकटवर्ती सरोकारवाला (**Adjoining Stakeholders**) | प्रतिवेशी सरोकारवाला (**Neighboring Stakeholders**) |
|---|---|---|
| • विपद् प्रभावित व्यक्ति/ विपद् जोखिम क्षेत्रका व्यक्ति<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति<br>• गृह मन्त्रालय<br>• सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>• प्रदेश सरकार<br>• स्थानीय तह<br>• सुरक्षा निकाय<br>• जिल्ला प्रशासन कार्यालय<br>• आमसंचार माध्यम एवं संचारकर्मीहरू<br>• जल तथा मौसम विज्ञान विभाग<br>• संयुक्त राष्ट्रसंघीय निकायहरू<br>• विकास साझेदारहरू<br>• विपद्का क्षेत्रमा क्रियाशील साझेदार संस्थाहरू<br>• खानी तथा भूगर्भ विभाग<br>• दूरसञ्चार सेवा प्रदायक संस्थाहरू<br>• स्वयंसेवक संस्थाहरू, रेडक्रस, स्काउट र स्वयंसेवकहरू<br>• विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च | • अर्थ मन्त्रालय<br>• स्वास्थ्य मन्त्रालय<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय<br>• शहरी विकास मन्त्रालय<br>• खानेपानी मन्त्रालय<br>• वन तथा वातावरण मन्त्रालय<br>• भूमि व्यवस्था तथा सहकारी मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• समाज कल्याण परिषद्<br>• केन्द्रीय तथ्याङ्क विभाग<br>• गाउँपालिका राष्ट्रिय महासंघ<br>• नेपाल नगरपालिका संघ<br>• राज्य व्यवस्था तथा सुशासन समिति (प्रतिनिधि सभा)<br>• संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति (राष्ट्रिय सभा)<br>• विज्ञापन बोर्ड<br>• बिमासम्बन्धी संस्थाहरू<br>• निजी क्षेत्र, व्यवसायिक प्रतिष्ठान | • कलेज तथा विश्वविद्यालयहरू<br>• अनुसन्धानमूलक निकायहरू<br>• विज्ञहरू<br>• राजनीतिक दलहरू<br>• नागरिक समाज तथा सामुदायिक संस्थाहरू<br>• अन्य देशका समान प्रकृतिको कार्य गर्ने संस्थाहरू<br>• लेखक/विश्लेषक/कलाकार/ खेलाडी/नागरिक अगुवा/ सामाजिक अभियन्ता |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

ख) सरोकारवालासँगको संचार

यो तालिका बमोजिमका सरोकारवालासँग प्राधिकरणले विभिन्न संचार उपकरणको प्रयोग गरी विपद्पूर्व, विपद्का क्रममा र विपद्पश्चात निरन्तर संचार, संवाद र सहकार्य गर्नेछ। त्यसक्रममा उपलब्धमध्ये सबैभन्दा प्रभावकारी संचारका माध्यमको प्रयोग गरी सञ्चार प्रकृयालाई तीव्र, अर्थपूर्ण र लागतप्रभावी बनाइनेछ।

| सरोकारवाला निकाय | विपद्पूर्व | विपद्को समयमा | विपदपश्चात |
|---|---|---|---|
| मुख्य सरोकारवाला (**Core Stakeholders**) | | | |
| विपद् प्रभावित व्यक्ति/ विपद् जोखिम क्षेत्रका व्यक्ति | संभाव्य जोखिमसम्बन्धी जानकारी गराउन। पूर्वतयारी गरी जोखिम न्यूनीकरण गर्न। सुरक्षित स्थानबारे जानकारी दिन वा स्थानान्तरण गर्न। चेतावनी तथा 'अलर्ट'हरू जारी गर्न। | खोज तथा उद्धारबारे जानकारी गराउन। थप विपद्का जोखिमहरूबारे सावधान गराउन। आपतकालीन राहत तथा सुरक्षित स्थलहरूबारे अवगत गराउन। | पुनर्स्थापना एवं पुनर्निर्माणका कार्य अघि बढाउन। सुरक्षित स्थलमा स्थानान्तरण गर्न। अनुदान एवं आवास निर्माण सम्बन्धी जानकारी गर्न। जीविकोपार्जन सम्बन्धी कार्यक्रम संचालन गर्न। |
| राष्ट्रिय परिषद् | विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना स्वीकृति गराउन। नीति, योजनालगायत आर्थिक स्रोतको व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशन प्राप्त गर्न। परिषद्को नियमित बैठक सम्बन्धी व्यवस्थापन गर्न। प्रदेश विपद् व्यवस्थापन समितिको प्रतिवेदन पेश गर्न। | विनाशकारी विपद्मा आपतकालीन उद्धार एवं राहत सम्बन्धी आपतकालीन निर्देशन प्राप्त गर्न। आपतकालीन बैठकहरूको व्यवस्थापन गर्न। | विनाशकारी विपद्पछिको पुनर्निर्माण एवं पुनर्स्थापना सम्बन्धी नीति तथा कार्यक्रम स्वीकृत गराउन। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता प्राप्त गर्न। |
| कार्यकारी समिति | विपद् जोखिम न्यूनीकरण सम्बन्धी एकीकृत एवं रणनीतिक नीति तथा योजना स्वीकृत गराउन। विषयगत क्षेत्रअनुरुप आपतकालीन योजना तर्जुमा गर्न। राष्ट्रिय पूर्वचेतावनी प्रणालीको विकास एवं संचालन गर्न। आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गर्न। विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्विपक्षीय एवं बहुपक्षीय | विपद् प्रतिकार्य सम्बन्धी एकीकृत एवं रणनीतिक नीति तथा योजना स्वीकृत गराउन। विषयगत क्षेत्रअनुरुप आपतकालीन योजना कार्यान्वयन गर्न। विपद् प्रभावितलाई तत्काल राहत उपलबध गराउन। आपतकालीन उद्धारका लागि पूर्वाधार र सुविधा व्यवस्था गरी प्रभावितलाई उपचार व्यवस्था | विपद् पुनर्लाभ सम्बन्धी एकीकृत एवं रणनीतिक नीति तथा योजना स्वीकृत गराउन। विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जनका कार्यक्रम संचालन गर्न। विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्विपक्षीय एवं |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | सहायता परिचालन गर्न। बार्षिक प्रतिवेदन पेश गर्न। | मिलाउन। विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्विपक्षीय एवं बहुपक्षीय सहायता परिचालन गर्न। | बहुपक्षीय सहायता परिचालन गर्न। विपद् व्यवस्थापन सम्बन्धमा मन्त्रालय, विभाग तथा अन्य निकायले कार्यकारी समितिले निर्धारण गरेको भूमिका तथा जिम्मेवारी गरे, नगरेका विषयमा अनुगमन गरी प्रतिवेदन पेश गर्न। |
| गृह मन्त्रालय | सम्पर्क मन्त्रालयका हैसियतले नियमित कामको समन्वय गर्न। विपद्बाट भएको जनधनको क्षति तथा नोक्सानीको प्रतिवेदन गर्न। मन्त्रीपरिषद् एवं अन्य मन्त्रालय तथा संघीय संसद, प्रदेश सरकारहरू तथा स्थानीय तहहरूसँग सम्पर्क गर्न। प्राधिकरणले सम्पादन गरेका कामको विवरण नियमित रुपमा उपलब्ध गराउन। आवश्यक जनशक्तिको व्यवस्थापन गर्न। नियमावली, मापदण्ड आदि स्वीकृत लगायतका कार्य गर्न, गराउन। | विपद् प्रतिकार्यका लागि फ्लाइङ स्वाक्वड लगायत सुरक्षा निकायहरू परिचालन गर्न। विपद् संकटग्रस्त क्षेत्र घोषणाका लागि मन्त्रीपरिषद्मा प्रस्ताव लैजान। खोज तथा उद्धारका लागि हेलिकोप्टर लगायतका साधन स्रोतको व्यस्थापन तथा परिचालन गर्न। तत्काल सुरक्षित स्थानमा स्थानान्तरण तथा राहत वितरण गर्न, गराउन। | पुनर्स्थापना एवं पुनर्निर्माणका कार्य अघि बढाउन। सुरक्षित स्थलमा स्थानान्तरण गर्न। पुनर्लाभका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग आह्वान तथा परिचालन गर्न। विपद् व्यवस्थापनमा विशेष योगदान पुर्याउने व्यक्ति वा संस्थालाई पुरस्कार दिन। |
| सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सूचना प्रणालीको विकास तथा संचालन गरी विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्यांकको संकलन तथा भण्डारण गर्न। पूर्वसूचना प्रणालीको स्थापना तथा संचालन गर्न। दूरसंचार सेवा प्रदायकसँग समन्वय र सहकार्य गर्न। | टेलिफोन, इन्टरनेट लगायत क्षतिग्रस्त संचार सम्पर्क कायम गर्न। संचार माध्यमहरूको प्रयोग गरी नागरिकलाई आपतकालीन एवं अत्यावश्यक सूचना तथा सन्देश प्रवाह गर्न। मोबाइल सन्देश एवं कल ब्याक रिङटोन प्रवाह गर्न। | क्षतिग्रस्त संचार संयन्त्र एवं संरचनाको पुनर्निर्माण गर्न। पुनर्स्थापना एवं पुनर्निर्माण सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्न। |
| प्रदेश सरकार | विपद् सम्बन्धी आवधिक योजना निर्माण गर्न आर्थिक र प्राविधिक सहयोग उपलब्ध | खोज तथा उद्धार समूहको गठन गर्न। घटना हुनासाथ असर पर्नसक्ने क्षेत्रमा | विपद् प्रभावित क्षेत्रमा अस्थायी पुनर्स्थापना केन्द्रको निर्माण गर्न। स्थायी |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | गराउन। विपद् व्यवस्थापनका लागि प्रशासनिक तथा सुरक्षा संयन्त्र तत्काल परिचालन हुनेगरी दुरुस्त राख्न। विकास निर्माण सम्बन्धी क्रियाकलाप संचालन गर्दा अवलम्बन गर्नुपर्ने विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयको आवश्यक मार्गनिर्देश गर्न। | रहेका व्यक्तिलाई उद्धार गर्न तथा भरपर्दो सुरक्षा व्यवस्था मिलउन। राहत प्रदान गर्न। | सार्वजनिक पूर्वाधार निर्माण गर्न। राहत सामग्रीको पारदर्शी वितरणको व्यवस्था मिलाउन। |
| स्थानीय तह | विपद् सम्बन्धी आवधिक योजना निर्माणका लागि आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउन। विपद् व्यवस्थापनका लागि प्रशासनिक तथा सुरक्षा संयन्त्र तत्काल परिचालन हुनेगरी दुरुस्त राख्न। विकास निर्माण सम्बन्धी क्रियाकलाप संचालन गर्दा अवलम्बन गर्नुपर्ने विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयको आवश्यक मार्गनिर्देश गर्न। संकटासन्न समूहको तथ्यांक विपद् पोर्टलमा प्राप्त गर्न। | खोज तथा उद्धार समूहको गठन गर्न। घटना हुनासाथ असर पर्नसक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्न तथा भरपर्दो सुरक्षा व्यवस्था मिलउन। राहत प्रदान गर्न। | विपद् प्रभावित क्षेत्रमा अस्थायी आवासको निर्माण गर्न। अस्थायी तथा स्थायी निजी आवास लाभग्राही कायम गर्न। राहत सामग्रीको पारदर्शी वितरणको व्यवस्था मिलाउन। |
| स्थानीय विपद् व्यवस्थापन समिति | विपद् जोखिमको अवस्थाको लेखाजोखा, नक्सांकन र विश्लेषणमा सहयोग गर्न। कर्मचारी र स्वयंसेवकको क्षमता अभिवृद्धि गर्न। स्थानीय आपतकालीन संचालन केन्द्र स्थापना तथा संचालन गर्न। | विपद् उद्धारको काममा संलग्न व्यक्तिको सुरक्षा, बिमालगायतको प्रबन्ध मिलाउन प्रोत्साहित गर्न। | भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता, भवन निर्माण मापदण्ड लगायत पालनामा सहयोग गर्न। |
| सुरक्षा निकाय | विपद् प्रभावितको खोज तथा उद्धारका लागि आवश्यक नीति, संरचना तथा समन्वय गर्न। तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्न। उपकरण तथा औजार उपलब्ध गराउन। क्षमता | विपद् प्रभावितको खोज तथा उद्धारका लागि परिचालन गर्न। तत्काल परिचालन हुनगरी फ्लाइङ स्क्वाड गठन गर्न। उपकरण तथा औजार उपलब्ध गराउन। प्राप्त | अस्थायी आश्रयस्थल, राहत गोदाम लगायतको सुरक्षा गर्न। पुनर्स्थापना एवं पुनर्निर्माणका लागि सुरक्षा व्यवस्था मिलाउन। राहत सामग्रीको पारदर्शी वितरणको व्यवस्था मिलाउन। |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | अभिबृद्धिका लागि राष्ट्रिय-अन्तराष्ट्रिय 'एक्पोजर' गराउन। तत्काल परिचालन हुने फ्लाइङ स्क्वाडको आवश्यक तालिम तथा अभिमुखीकरणको व्यवस्था मिलाउन। क्षमता विकास, आपतकालीन नमूना अभ्यास तथा प्रशिक्षण कार्यक्रम संचालन गर्न। | हुने राहत सामग्रीको सुरक्षित भण्डारण गर्न। | |
| जिल्ला विपद् व्यवस्थापन समिति | विपद् पूर्वतयारी कार्ययोजना तयारी तथा कार्यावन्यनमा सहयोग गर्न। स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गर्न। अनुदान कार्यविधिअनुसार लाभग्राही तय गर्न तथा किस्ता वितरणको समवन्य गर्न। जिल्ला आपतकालीन संचालन केन्द्र स्थापना तथा संचालन गर्न। | खोज तथा उद्धारका लागि सुरक्षा निकाय परिचालन गर्न, गराउन। जिल्ला विपद् व्यवस्थापन कोष संचालन सम्बन्धमा। जिल्ला आपतकालीन संचालन केन्द्रको प्रभावकारी संचालन गर्न तथा आवश्यक तथ्यांक प्राप्त गर्न। विपद्को समयमा औजार तथा उपकरण उपलब्ध गराउन। विपद्को समयमा नागरिकलाई आवश्यक र आश्वस्त हुने सूचना प्रवाह गर्न सहयोग गर्न। | अस्थायी आवास निर्माण तथा प्रबलीकरण/पुनर्निर्माण लाभग्राही कायम गर्न। अस्थायी एवं स्थायी आवास किस्ताहरू प्रवाह गर्न। सम्बन्धित जिल्लामा पुनर्स्थापना एवं पुनर्लाभिका कार्यहरू संचालन गर्न। जीविकोपार्जनका कार्यक्रमको अनुगमन एवं मूल्यांकन गर्न। |
| आमसंचार माध्यम एवं संचारकर्मीहरू | विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना तथा बुझाई अभिवृद्धि गर्न। संचारमाध्यम एवं संचारकर्मीको क्षमता अभिवृद्धि गर्न। विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी एव् प्रतिकार्य सम्बन्धी तयारीबारे आम नागरिकलाई सुसूचित गर्न। संभावित जोखिमबारे अग्रिम सूचना संप्रेषण गर्न। विपद् जोखिम व्यवस्थापन | विपद्को समयमा नागरिकलाई खोज, उद्धार एवं राहतबारे आवश्यक र आश्वस्त हुने सूचना प्रवाह गर्न। थप संभावित जोखिम तथा सुरक्षित उपायहरूबारे संचार गर्न। जोखिमयुक्त र सुरक्षित क्षेत्रहरूबारे नागरकिलाई जानकारी गराउन। विपद् प्रभावितको अवस्था एवं आवश्यकताबारे जानकारी | विपद्पश्चात् अस्थायी एवं स्थायी आवास अनुदान, पुनर्स्थापना, विपद् उत्थानशील संरचना निर्माण लगायतमा सूचना प्रवाह गर्न। विपद् उत्थानशील समाज निर्माणको अभियानलाई सफल पार्न। आगामी दिनमा उस्तै प्रकृति एवं प्रवृतिका विपद्बाट जनधनको क्षति नहोस् भन्ने सुनिश्चित गर्न सुरक्षित |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | सम्बन्धी निर्णयहरू अवगत गराउन। मिथ्या सूचना फैलन सक्ने जोखिमबारे सचेत गराउन। विपद् पूर्वतयारी एवं जोखिम न्यूनीकरणका लागि सल्लाह सुझाव लिन। | हासिल गर्न। विपद् पश्चातको अवस्थालाई व्यवस्थित गर्न। विपद्का समयमा अफवाह फैलिमा यथार्थ संचार गर्न। आवश्कयता अनुसार पत्रकार सम्मेलन गर्न। विपद्बाट भएको क्षति तथा नोक्सानीबारे जानकारी गराउन। | संरचनालगायत आनीबानीमै परिवर्तन ल्याउन। तालिम संचालन गर्न। पुनर्स्थापना एवं पुनर्निर्माणका लागि साधन स्रोतको जोहो गर्ने अभियानको पैरवी गर्न। |
| जल तथा मौसम विज्ञान विभाग | मौसम पूर्वानुमान सम्बन्धी पूर्वसूचना प्राप्त गर्न। जल तथा मौसम विज्ञान, पूर्वचेतावनी प्रणालीसम्बन्धी अध्ययन, अनुसन्धान गर्न। प्रभावमा आधारित पूर्वानुमानको विश्लेषण गरी जोखिम घटाउन। | 'अलर्ट' सन्देशहरू प्राप्त गर्न। मौसम सम्बन्धी 'real-time' सूचना प्राप्त गर्न। थप जोखिम वा विषयमताबारे पूर्वानुमान प्राप्त गर्न। | पूर्वानुमान तथा पूर्वचेतावनी प्रणालीका सिकाई तथा अनुभव आदानप्रदान गरी सुधार गर्न। |
| संयुक्त राष्ट्रसंघीय निकायहरू | विपद् व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न गर्न गराउन एवं उनीहरूको कार्यमा समन्वय एवं सहजीकरण गर्न। सबैका लागि पूर्वसूचना प्रणाली कार्यक्रम व्यवस्थित रुपमा संचालन गर्न। यूएनडिआरआर, एपिएमसिडिआरआर आदिसँग समन्वय स्थापित गर्न। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विश्वमा भएका नवीनतम प्रविधि एवं असल अभ्यासबारे जानकारी लिन। | मानवीय सहायताका लागि आउने अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवं नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्न। आपतकालीन गोदामघर संचालन गर्न। आवश्यक परेको अवस्थामा अन्तर्राष्ट्रिय सहयोग एवं जनशक्तिको मद्दत लिन। | पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि स्रोत साधन एवं प्रविधि प्राप्त गर्न। सुरक्षित एवं दिगो पुनर्निर्माणका लागि अध्ययन अनुसन्धान गर्न, गराउन। विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तराष्ट्रिय सहायताको एकीकृत अभिलेख राख्न। |
| विकास साझेदारहरू | विपद् व्यवस्थापन सम्बन्धी कार्यमा संलगन गर्न गराउन। उनीहरूको कार्यमा समन्वय एवं सहजीकरण गर्न। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विश्वमा | मानवीय सहायताका लागि आउने अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवं नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्न। आपतकालीन गोदामघर | पुनर्निर्माण एवं पुनर्स्थापनामा साधन स्रोत एवं प्रविधि प्राप्त गर्न। सुरक्षित एवं दिगो पुनर्निर्माणका लागि अध्ययन अनुसन्धान गर्न, गराउन। विपद् व्यवस्थापनको क्षेत्रमा |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | भएका नवीनतम प्रविधि एवं असल अभ्यासबारे जानकारी लिन। आवश्यक विज्ञता प्राप्त गर्न। | संचालन गर्न। द्रुत लेखाजोखा लगायतका कार्यहरूमा सहयोग लिन। | प्राप्त हुने द्विपक्षीय एवं बहुपक्षीय सहायताको एकीकृत अभिलेख राख्न। |
| विपद्का क्षेत्रमा क्रियाशील साझेदार संस्थाहरू/गैर सरकारकारी संघसंस्थाहरू | विपद् व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न गर्न गराउन एवं उनीहरूको कार्यमा समन्वय एवं सहजीकरण गर्न। पूर्वचेतावनी प्रणाली, जनचेतनामूलक अभियान, कृत्रिम घटनामा आधारित पूर्वाभ्यासलगायतका कार्यक्रम संचालन गर्न। सम्बद्ध सरोकारवालाहरूको संलग्नताबाट विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन एवं जलवायु परिवर्तनमा आएका नवीनतालाई प्रवर्द्धन गर्ने। | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन। तत्काल राहतको व्यवस्थापन गर्न। मानवीय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवं नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्न। आपतकालीन गोदामघर संचालन गर्न। द्रुत लेखाजोखा लगायतका कार्यहरूमा सहयोग लिन। | पुनर्निर्माण एवं पुनर्स्थापनामा साधन स्रोत एवं प्रविधि प्राप्त गर्न। सुरक्षित एवं दिगो पुनर्निर्माणका लागि भौगर्भिक अध्ययन अनुसन्धान गर्न, गराउन। |
| खानी तथा भूगर्भ विभाग | भूकम्प, भूविज्ञान, भूकम्प विज्ञान, भौगोलिक सूचना प्रणाली, पहिरो सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान आदि गर्न। | भूकम्प सम्बन्धी 'अलर्ट' सन्देशहरू प्राप्त गर्न। थप जोखिम वा विषयमताबारे विश्लेषण प्राप्त गर्न। | पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि सुरक्षित स्थानको अभिलेख प्राप्त गर्न, अध्ययन गर्न, गराउन। |
| दूरसञ्चार सेवा प्रदायक संस्थाहरू | आपतकालीन चेतनामूलक सामग्री तथा सूचना सम्प्रेषणको संयन्त्र तथा सम्पर्क दुरुस्त राख्न। यससम्बन्धी आवश्यक मापदण्ड बनाउन। संभावित घटना तथा महामारी लगायतका बारेमा पूर्वजानकारी गराउन। | विपद्को बेला रिङव्याक टोन, एसएमएस आदिबाट चेतावनी सन्देश प्रवाह गर्न। विपद् व्यवस्थापन सूचना प्रणाली तथा सूचना प्रवाहलाई चुस्तदुरुस्त राख्न। | पुनर्स्थापना गरिने वा गरिएका बस्तीमा संचारसम्बन्धी सेवा सुनिश्चित गर्न। |
| स्वयंसेवक संस्थाहरू, रेडक्रस, स्काउट र स्वयंसेवकहरू | विपद्को समयमा खोज तथा उद्धार तथा राहत कार्यका लागि परिचालन हुनसक्ने स्वंयसेवक ब्यूरो गठन गर्न। क्षमता विकास, आपतकालीन नमूना अभ्यास तथा प्रशिक्षण कार्यक्रम संचालन गर्न। | विपद् प्रभावितको खोज तथा उद्धारका लागि परिचालन गर्न। प्राप्त राहत सामग्रीको सुरक्षित भण्डारण गर्न। स्वंयसेवक परिचालन गर्न। द्रुत लेखाजोखा गर्न। | आश्रयस्थल एवं अस्थायी आवासहरू व्यवस्थित गर्न। राहत सामग्रीको पारदर्शी वितरणको व्यवस्था मिलाउन। पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि स्वंयसेवक परिचालन गर्न। |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | स्वंयसेवक सम्बन्धी पाठ्यक्रम तथा तालिम मापदण्डको विकास गर्न। | | |
| विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च | बहुसरोकारवाला निकायबीच समन्वय, सम्पर्क र साझेदारी गर्न। कार्यमञ्चका उद्देश्यहरू हासिल गर्न। जोखिम लेखाजोखा, सूचना प्रणालीको विकास र विस्तार, आपतकालीन मानवीय सहयोगका विधि र मापदण्डबारे ज्ञान अभिबृद्धि गराउन। सचिवालयलाई आवश्यकता अनसुार निर्देशन दिन। | बहुसरोकारवाला निकायबीच आपतकालीन समन्वय, सम्पर्क र साझेदार गर्न। | पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि बहुसरोकारवाला निकायबीच समन्वय गर्न, सहयोग परिचालन गर्न। |
| अर्थ मन्त्रालय | पूर्वतयारी एवं जोखिम न्यूनीकरणका लागि स्रोतको व्यवस्था गर्न। अन्तराष्ट्रिय सहयोग 'च्यानलाइज' गर्न। | प्राप्त हुने अन्तराष्ट्रिय सहयोग सम्बन्धी समन्वय गर्न। राहत सामग्रीलगायतको भन्सार छुटलगायत कार्य गर्न। | पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि प्राप्त हुने अन्तर्राष्ट्रिय सहयोग 'च्यानलाइज' गर्न। आवश्यक परेमा पुनर्निर्माण सम्बन्धी सम्मेलन आयोजना गर्न। अनुदान रकम वितरणका लागि बैंक तथा वित्तीय संस्थाहरूको व्यवस्था गर्न। |
| स्वास्थ्य मन्त्रालय (राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र) | महामारी तथा जनस्वास्थ्यका संभावित समस्याको पूर्वानुमान, किटजन्य विपद्का सम्भावित कारक र न्यूनीकरणका उपायका विषयमा अध्ययन, अनुसन्धान गर्न। तिनको नियन्त्रण र व्यवस्थापनका लागि पूर्वतयारी गर्न। स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रमहरू संचालन गर्न। | ठूला खालका विपद् तथा महामारी धेरै नागरिक हताहत तथा घाइते भएको अवस्थामा आपतकालीन उपचार सुविधा उपलब्ध गराउन। महामारी आदिमा स्वास्थ्य टोलीहरू फिल्डमा खटाउन। भूकम्प, कोभिडलगायतका विपद्मा अस्थायी अस्पताल लगायतका संरचना निर्माण गर्न। | आश्रयस्थल एवं अस्थायी आवासमा स्वास्थ्य सेवा उपलब्ध गराउन। क्षतिग्रस्त स्वास्थ्य चौकी एवं अस्पतालको तथ्यांक प्राप्त गर्न एवं पुनर्निर्माण गर्न। विपद्बाट प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन। |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| शिक्षा मन्त्रालय | शैक्षिक पाठ्यक्रममा समावेश गर्ने विपद् व्यवस्थापन सम्बन्धी विषयहरू तयार गरी कार्यान्वयन गर्ने। | विद्यालय भवनहरूमा क्षति पुगेमा पठनपाठनलाई वैकल्पिक माध्यममार्फत् निरन्तरता दिन। | विपद् प्रभावित क्षेत्रमा सिकाइ केन्द्रहरूको निर्माण गर्न। विद्यालय भवनहरूको पुनर्निर्माण गर्न, गराउन। |
| सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | आवश्यक प्रशासनिक जनशक्तिको व्यवस्थापन गर्न। स्थानीय तहहरूसँग सम्पर्क तथा समन्वय गर्न। | थप तथा विशिष्ट जनशक्तिको व्यवस्थापन गर्न। खोज तथा उद्धार एवं आपतकाली राहतका लागि स्थानीय तहहरूसँग सम्पर्क तथा समन्वय गर्न। | क्षति तथा नोक्सानीको सर्वेक्षण एवं लाभग्राही पहिचानमा आवश्यक जनशक्ति प्राप्त गर्न। |
| महिला, बालबालिका एवं ज्येष्ठ नागरिक मन्त्रालय | संकटासन्न समूहको तथ्याङ्क अद्यावधिकको काममा सहयोग गर्न। संकटासन्न समूहका लागि विपद्को पूर्वसूचना दिन। मन्त्रालयका तत्कालीन, अल्पकालीन र दीर्घकालीन कार्यहरूमा विपद्को विषयलाई समावेश गर्न। 'जेड्सी' रणनीतिक कार्ययोजना कार्यावन्यमा संलग्न गराउन। | विपद्का बेला बढी प्रभावित हुने महिला, सुत्केरी तथा गर्भवती महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका समुदायहरूको तथ्याङ्क प्राप्त गर्न। खोज तथा उद्धार टोलीसँग आवश्यक समन्वय गर्न। विपद्मा परेका व्यक्तिबारे मन्त्रालयमा आएका सूचना तथा जानकारी हासिल गर्न। | पुनर्निर्माण तथा पुनर्स्थापनामा महिला, बालबालिका, गर्भवती तथा सुत्केरी, अपाङ्गता भएका र ज्येष्ठ नागरिकहरूको प्राथमिकीकरणमा समन्वय गर्न। उनीहरूले आवश्यकता अनुसार राहत पाए-नपाएको अनुगमन गर्न। अस्थायी आवासमा बसिरहेकालाई आवश्यक मनोसामाजिक परामर्श उपलब्ध गराउन। आपांगतामैत्री संरचना निर्माणमा संलग्न गराउन। |
| उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | नदी नियन्त्रण, बाढीका कारक एवं न्यूनीकरणका उपायका विषयमा अध्ययन, अनुसन्धान गर्न। जोखिमयुक्त क्षेत्रका तटबन्ध, सिंचाइ, विद्युत गृह तथा टावरको मर्मत गराउन। पहिरो तथा जलउत्पन्न प्रकोपका जोखिम क्षेत्रहरूको अध्ययन गर्न, गराउन। | क्षतिग्रस्त तटबन्ध, विद्युत गृह, सिंचाईं संरचना आदिको मर्मत गरी सुचारु गर्न। | क्षतिग्रस्त तटबन्ध, विद्युत गृह, सिंचाईं संरचना आदिको पुनर्निर्माण गर्न। |
| शहरी विकास मन्त्रालय | भवन निर्माण संहिता अद्यावधिक गर्न। विकास | अस्थायी आश्रयस्थलहरू निर्माण गर्न। आपतकालीन | पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि विस्तृत क्षति आँकलन, |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | निर्माण सम्बन्धी क्रियाकलाप संचालन गर्दा अवलम्बन गर्नुपर्ने विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयको आवश्यक समन्वय गर्न। जोखिमयुक्त क्षेत्रहरूको अध्ययन गर्न, गराउन। संभावित जोखिमयुक्त बस्तीमा सुरक्षित सामूहिक आश्रयस्थलहरू निर्माण गर्न। | स्थान्तरणका लागि सुरक्षित स्थानसम्बन्धी जानकारी प्राप्त गर्न वा आपतकालीन अध्ययन गर्न। | सर्वेक्षण लगायतका कार्य गर्न। अझ राम्रो, बलियो र सुरक्षित निर्माणका लागि आवश्यक अवधारण एवं मापदण्ड तयार गर्न। |
| वन तथा वातावरण मन्त्रालय (वातावरण विभागसमेत) | जलवायु परिवर्तन, भूमण्डलीय तापमान बृद्धि एवं वन डढेलोलगायत प्रकोप तथा विपद्का सम्भावित कारक र न्यूनीकरणका उपायका विषयमा अध्ययन, अनुसन्धान गर्न। वायु प्रदुषण कम गर्न जनचेतनामूलक कार्यक्रम संचालन गर्न। यससम्बन्धी उपकरण तथा प्रविधि जडान गर्न। | डढेलोलगायतका विपद् नियन्त्रणका लागि तालिमप्राप्त जनशक्ति परिचालन लगायतमा सहकार्य गर्न। आपतकालीन आश्रय एवं अस्थायी आवासका लागि काठ एवं वनको जग्गा आदिको व्यवस्थापन गर्न। वायु प्रदुषण विपद् घोषणा गर्न। | डढेलोबाट भएको क्षति तथा नोक्सानीको अभिलेख तयार गर्न। पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि आवश्यक काठ लगायतका निर्माण सामग्रीको व्यवस्था गर्न। |
| भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | विपद् व्यवस्थापन, पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि भूउपयोग सम्बन्धी अध्ययन, अनुसन्धान, जोखिम नक्सांकन गर्न। | आपतकालीन आश्रय एवं अस्थायी आवासका लागि जग्गा व्यवस्थापन गर्न। | स्थायी पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि जग्गा व्यवस्थापन गर्न। |
| खानेपानी मन्त्रालय | जोखिममा रहेका खानेपानी संरचनाको मर्मत संभार गर्न, वैकल्पिक व्यवस्था गर्न। आपतकालीन अवस्थाका लागि आवश्यक पर्ने सामग्रीको जोहो गर्न। | विपद् प्रभावित क्षेत्रमा क्षतिग्रस्त संरचनाको तत्काल पुनर्स्थापना गर्न। उद्धार गरिएका नागरिकका लागि खानेपानी तथा सरसफाइको प्रबन्ध मिलाउन। आपतकालीन आश्रय एवं अस्थायी आवासमा खानेपानीको व्यवस्था गर्न। | क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्न। स्थानान्तरण भएका बस्तीमा खानेपानी तथा सरसफाइका पूर्वाधार निर्माण गर्न। |
| राष्ट्रिय योजना आयोग | नेपालका जलवायु परिवर्तनका मुद्दाहरूको अन्तर्राष्ट्रियकरण | आपतकालीन आश्रय एवं अस्थायी आवासका | जलवायु उत्थानशीलता र समावेशी विकास गर्न। |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | गर्न। वातावरण तथा जलवायु सवालहरूको मूलप्रवाहीकरण र स्थानीयकरण गर्न। | योजनाहरूमा समन्वय गर्न। | तुलनात्मक लाभमा आधारित हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न। हरित उत्थानशीलता र समावेशी विकासका लागि जलवायु वित्त परिचालन गर्न। |
| समाज कल्याण परिषद् | विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने गैरसरकारी संस्थालाई प्राथमिकता र आवश्यकताका आधारमा परिचालनका लागि समन्वय गर्न। | खोज, उद्धार तथा राहतमा गैरसरकारी संस्थाहरूलाई परिचालन गर्न। राहत सामग्रीका लागि गैरसरकारी संस्थाहरूको सहयोग व्यवस्थित गर्न। | पुनर्निर्माण एवं पुनर्स्थापनामा गैरसरकारी संस्थाहरूको आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्न। |
| गाउँपालिका राष्ट्रिय महासंघ | विपद् व्यवस्थापन सम्बन्धी पूर्वतयारी तथा न्यूनीकरणका कार्यमा गाउँपालिकाहरूलाई समावेश गराउन। गाउँपालिकाहरूको क्षमता अभिवृद्धि गर्न। विकास निर्माण सम्बन्धी क्रियाकलाप संचालन सम्बन्धी अभिमुखीकरणमा गाउँपालिकाहरूलाई समावेश गर्न, गराउन। | खोज, उद्धार र राहतका अलावा अस्थायी आवास तथा स्थानान्तरणका लागि प्रभावित गाउँपालिकाहरूसँग एकसाथ समन्वय तथा परिपत्र गर्न। | स्थायी पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि प्रभावित गाउँपालिकाहरूसँग एकसाथ समन्वय तथा परिपत्र गर्न। |
| नेपाल नगरपालिका संघ | विपद् व्यवस्थापन सम्बन्धी पूर्वतयारी तथा न्यूनीकरणका कार्यमा नगरपालिकाहरूसँग सहकार्यको समन्वय गर्न। नगरपालिकाहरूको क्षमता अभिवृद्धि गर्न। विकास निर्माण सम्बन्धी क्रियाकलाप संचालन सम्बन्धी अभिमुखीकरणमा नगरपालिकाहरूलाई समावेश गर्न, गराउन। | खोज, उद्धार र राहतका अलावा अस्थायी आवास तथा स्थानान्तरणका लागि प्रभावित नगरपालिकाहरूसँग समन्वय तथा परिपत्र गर्न। | स्थायी पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि प्रभावित नगरपालिकाहरूसँग समन्वय तथा परिपत्र गर्न। |
| राज्य व्यवस्था तथा सुशासन समिति | समितिले सोधेका प्रश्नहरूको जवाफ पेश गर्न। समितिका बैठकहरूमा सहभागिता जनाउन। सुरक्षित आवास तथा बस्तीहरूका लागि | विपद्बाट भएको क्षति तथा नोक्सानीबारे अवगत गराउन। समितिका बैठकहरूमा सहभागिता जनाउन। | अस्थायी आवास निर्माण तथा स्थायी पुनर्निर्माण एवं पुनर्स्थापना सम्बन्धी प्रगति प्रतिवेदन गर्न। |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| (प्रतिनिधि सभा) | आवश्यक नीति तथा संशोधनहरूबारे ध्यानाकर्षण गराउन। | | |
| संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति (राष्ट्रिय सभा) | समितिले सोधेका प्रश्नहरूको जवाफ पेश गर्न। समितिका बैठकहरूमा सहभागिता जनाउन। सुरक्षित आवास तथा बस्तीहरूका लागि आवश्यक नीति तथा संशोधनहरूबारे ध्यानाकर्षण गराउन। | विपद्‌बाट भएको क्षति तथा नोक्सानीबारे अवगत गराउन। समितिका बैठकहरूमा सहभागिता जनाउन। | अस्थायी आवास निर्माण तथा स्थायी पुनर्निर्माण एवं पुनर्स्थापना सम्बन्धी प्रगति प्रतिवेदन गर्न। |
| विज्ञापन बोर्ड | नेपाल सरकारबाट जारी हुने लोककल्णाकारी विज्ञापनमा विपद् सम्बन्धी विषयवस्तु समावेश तथा अद्यावधिक गर्न। विज्ञापनीय सामग्रीको गुणस्तर कायम गर्न। | विपद् जोखिम, खोज तथा उद्धार, राहत एवं अस्थायी आश्रयस्थल सम्बन्धमा विज्ञापनीय सामग्रीमार्फत् जानकारी गराउन। | अस्थायी निर्माण तथा स्थायी पुनर्निर्माण, सुरक्षित निर्माण, विपद् उत्थानशीलता, जीविकोपार्जन कार्यक्रम सम्बन्धी सूचना तथा शिक्षा प्रवाह गर्न। |
| निजी क्षेत्र एवं व्यवसायिक प्रतिष्ठान | व्यवसायिक प्रतिष्ठानले आफ्ना कर्मचारी तथा कामदारलाई दिनुपर्ने विपद् व्यवस्थापन सम्बन्धी आधारभूत अभिमुखीकरण, तालिमको विषय र मापदण्ड तोक्न। अग्नि नियन्त्रण लगायतका विपद् न्यूनीकरणका उपकरण जडानमा प्रोत्साहित गर्न। | विपद्‌को अवस्थामा ढुवानी, यायायात संचालन, आपतकालीन खाद्य तथा गैरखाद्य सामग्रीको प्रबन्ध गर्न। कार्यकारी समितिको सदस्यका हैसियतमा निजी क्षेत्रको जिम्मामा आएका आपतकालीन कार्यहरू कार्यान्वन गर्न। | विपद् पुनर्लाभ सम्बन्धी कार्यका लागि गरिने लगानीमा निजी क्षेत्रलाई क्रियाशील र जिम्मेवार बनाउन। अस्थायी निर्माण तथा स्थायी पुनर्निर्माण एवं पुनर्स्थापनामा साझेदारी गर्न। |
| बिमासम्बन्धी संस्थाहरू | विपद्‌जन्य जोखिम हस्तान्तरणका लागि बिमाको विधि, मापदण्ड र प्रक्रिया निर्धारण गरी कार्यान्वयन गर्न। आम नागरिकलाई बिमाजस्ता उपकरणमा प्रोत्साहित गर्न। | बिमित विपद् प्रभावितले बिमा सुविधा प्राप्त गर्न सहजीकरण गर्न। | स्थायी पुनर्निर्माण एवं पुनर्स्थापनाका लाभग्राहीलाई बिमा कार्यक्रममा संलग्न गराउन। |
| कलेज तथा विश्वविद्यालय | पाठ्यक्रममा समावेश गर्ने विपद् व्यवस्थापन सम्बन्धी विषयहरू तयार गर्न। विपद् | विपद् प्रभावित क्षेत्रमा जोखिम अध्ययन तथा आश्रयस्थल निर्माण लगायतका संलग्न | पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि उपयुक्त, लागतप्रभावी प्रविधि एवं निर्माण सामग्रीहरूबारे अध्ययन |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | सम्बन्धी अध्ययन तथा अनुसन्धानमा सहकार्य गर्ने। | गराउन। ठूला विपद्का क्रममा क्षति भएका अस्थायी आवास निर्माण, अस्थायी सिकाइ केन्द्रहरूमा इञ्जिनियरिङ प्राविधिक विज्ञता उपलब्ध गराउन। महामारीजन्य अवस्थामा खासगरी मेडिकल तथा नर्सिङ कलेजहरूबाट स्वयंसेवक प्राप्त गर्ने। | अनुसन्धान गर्ने। ठूला विपद्पश्चात अस्थायी आवास निर्माण, पुनर्निर्माण एवं पुनर्स्थापनाका, जोखिम क्षेत्रहरू एवं स्थानान्तरणका क्रममा प्राविधिक विज्ञता प्राप्त गर्ने। |
| अनुसन्धान-मूलक निकायहरू | विपद्को बदलिँदो प्रकृति एवं प्रवृत्ति, जलवायु परिवर्तनबाट उत्पन्न हुनसक्ने परिणामसमेतका बारेमा अध्ययन, अनुसन्धान गर्ने। विपद् सम्बन्धी कार्यक्रमहरू आयोजना गर्ने। | अस्थायी आवास, अस्थायी सिकाई एवं उपचार केन्द्र आदिका लागि उपयुक्त प्रविधि वा विकल्प पहिचान गर्ने। | पुनर्निर्माण एवं पुनर्स्थापनाका उपयुक्त प्रविधि वा विकल्प पहिचान तथा विकास गर्ने। पुनर्निर्माण एवं पुनर्स्थापनाका निम्ति भौगर्भिक, भूकम्पीय एवं अन्य अत्यावश्यक अध्ययन गर्ने। |
| केन्द्रीय तथ्याङ्क कार्यालय | जनगणनालगायतका तथ्यांक प्राप्त गर्ने। जोखिमयुक्त वर्ग, जोखिम क्षेत्रमा बसोबास गर्ने एवं गरिबीको रेखामुनी रहेका नागरिक एवं समुदायको खण्डीकृत तथ्यांक प्राप्त गर्ने। | आपतकालीन राहत वितरण तथा अस्थायी आवासका लागि विपद् प्रभावित क्षेत्रको आवश्यक तथ्यांक प्राप्त गर्ने। | पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि विपद् प्रभावित क्षेत्रको आवश्यक तथ्यांक प्राप्त गर्ने। सर्भेक्षणसम्बन्धी सेवा प्राप्त गर्ने। |
| सम्बन्धित विज्ञहरू | जलवायु परिवर्तनबाट उत्पन्न हुनसक्ने परिणामसमेतका बारेमा विज्ञ सुझाव प्राप्त गर्ने। विपद् सम्बन्धी अध्ययन तथा अनुसन्धानमा सहकार्य गर्ने। | अस्थायी आवास, अस्थायी सिकाई एवं उपचार केन्द्र आदिका लागि उपयुक्त प्रविधि वा विकल्प पहिचान गर्ने। मूलतः माहामारीजन्य विपद्मा अनुभव प्राप्त गर्ने। | पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि लागतप्रभावी प्रविधि एवं निर्माण सामग्रीहरूबारे विज्ञता प्राप्त गर्ने। |
| राजनीतिक दलहरू | विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीमा सम्बन्धित दलका सदस्यहरूमा विपद् जोखिमको बुझाई अभिबृद्धि गर्दै स्वयंसेवी भावना अभिबृद्धि गर्ने। जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने। विपद् जोखिम नयूनीकरण सम्बन्धमा पैरवी | खोज, उद्धार, राहत, अस्थायी आवासमा स्वयंसेवक परिचालन गर्ने। थप विपद्बाट हुनसक्ने जोखिमबाट नागरिकलाई सुरक्षित राख्न। | अस्थायी आवास निर्माण तथा पुनर्निर्माणमा स्वयंसेवक परिचालन गर्ने। अझ बलियो र सुरक्षित निर्माणका लागि जनचेतनामूलक अभियान संचालन गर्ने। सुरक्षित आवास एवं बस्ती |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | गर्न। आवश्यक नीति ल्याउन प्रेरित गर्न। | | स्थानान्तरण लगायतमा जनमत तयार गर्न। |
| नागरिक समाज तथा सामुदायिक संस्थाहरू | विपद् जोखिम सम्बन्धी बुझाइलाई अभिवृद्धि गर्दै न्यूनीकरणमा सहकार्य गर्न। स्वयंसेवी भावना अभिबृद्धि गर्न। अपांगता भएका एवं जोखिममा परेकासहित आम नागरिकसम्म विपद् सम्बन्धी सन्देश प्रवाह गर्न। | विपद्सम्बन्धी जानकारी प्राप्त गर्न। खोज, राहत, उद्धार, अस्थायी आवास निर्माण आदिमा संलग्न गराउन। विपद्बाट प्रभावित नागरिकलाई आवश्यक पर्ने सहयोग एवं राहतमा सहभागी गराउन। | दिगो पुनर्स्थापना तथा सुरक्षित पुनर्निर्माणमा सक्रिय रुपमा सहभागी गराउन। विपद् उत्थानशीलता बृद्धि गर्ने अभियानमा परिचालन गर्न। |
| अन्य देशका समान प्रकृतिको कार्य गर्ने संस्थाहरू | विपद् जोखिम न्यूनीकरणका अनुभव एवं सिकाइ आदानप्रदान गर्न। जलवायु परिवर्तन, हिमताल विस्फोट, मनसुन आदि अन्तरदेशीय विपद्सम्बन्धमा सहकार्य गर्न। संयुक्त अध्ययन अनुसन्धान गर्न। अन्तराष्ट्रिय एवं क्षेत्रीय मञ्चहरूमा समान धारणा निर्माण गर्न। हिमताल विस्फोटजस्ता जोखिमहरू कम गर्न। पूर्वचेतावनी प्रणालीमा सहकार्य गर्न। | ठूला तथा जटिल विपद्का घटनामा प्राविधिक एवं जनशक्ति सम्बन्धी सहयोग आदानप्रदान गर्न। अन्तरदेशीय विपद्का घटनासम्बन्धी जानकारी आदानप्रदान गरी जोखिम न्यूनीकरण गर्न। | पुनर्स्थापना तथा पुनर्निर्माणमा प्राप्त सफल अभ्यासबाट अनुभव हासिल गर्न। लागतप्रभावी प्रविधि एवं वातावरणमैत्री निर्माण सामग्रीलगायतबारे जानकारी लिन। |
| लेखक/विश्लेषक/ कवि-कलाकार/ साहित्यकार/ खेलाडी/नागरिक अगुवा/सामाजिक अभियन्ता | विपद् जोखिम बुझाइलाई अभिबृद्धि गर्दै नागरिकका आनीबानीमा परिवर्तन ल्याउन। जोखिम न्यूनीकरणमा सहभागी गराउन। स्वयंसेवी भावना अभिबृद्धि गर्न। अपांगता भएका, निरक्षर एवं जोखिममा परेकासहित सबै नागरिकसम्म विपद् सम्बन्धी सन्देश प्रवाह गर्न। | विपद्सम्बन्धी जानकारी प्राप्त गर्न। खोज, राहत, उद्धार, अस्थायी आवास निर्माण आदिमा सहभागी गराउन। विपद्बाट प्रभावित नागरिकलाई आवश्यक पर्ने सहयोग एवं राहतमा सहभागी गराउन। | सुरक्षित पुनर्निर्माण एवं दिगो पुनर्स्थापनामा सक्रिय सहभागी गराउन। विपद् उत्थानशील समाज एवं समुदाय निर्माण गर्ने अभियानमा परिचालन गर्न। |

प्रमाणित प्रतिलिपि



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

## १४. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद जोखिम तथा जलवायु परिवर्तनको जोखिमबारे बुझाई अभिवृद्धि गर्ने। | • समुदाय तथा पालिकाहरूको बहु-प्रकोपीय जोखिम तथा जलवायु परिवर्तनका जोखिमहरूको नक्सांकन गरी ती जोखिमबारे सर्वसाधारण नागरिकले समेत बुझ्न सक्ने गरी सम्प्रेषण गरिनेछ।<br>• राजनीतिक दल, युवा, स्वयंसेवी एवं गैर-सरकारी संगठनहरू, स्काउट, समुदायमा आधारित संस्था लगायतसँग अन्तरक्रिया तथा अभिमुखीकरण गरिनेछ।<br>• विषयगत निकाय, विपद जोखिम व्यवस्थापन क्षेत्रमा कार्यरत संस्थाहरू एवं अन्य सरोकारवालाहरूसँगको सहकार्यमा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>• व्यवसायी एवं उद्यमीहरूलाई विपद् जोखिम न्यूनीकरण एवं उत्थानशील निर्माणबारे अभिमुखीकरण गरी जवाफदेहिता, सहभागिता र जिम्मेवारीबोधका लागि अभिप्रेरित गरिनेछ।<br>• विषयगत निकायहरूको समन्वयमा विद्यालयदेखि विश्वविद्यालयसम्मका पाठ्यक्रमका लागि विपद् जोखिम सम्बन्धी स्रोत सामग्री निर्माण गरी उपलब्ध गराइनेछ।<br>• विज्ञापनीय सामग्रीहरूमार्फत् निरन्तर जनचेतनाका कार्यहरू सञ्चालन गरिनेछ।<br>• विपद् सम्बन्धी विषयवस्तु पाठ्यक्रम, साहित्य, गीत-संगीत, खेलकुद, भिडियो गेम लगायतलाई जीवन पद्धतिको हिस्सा बनाउँदै आनीबानी परिवर्तन गर्न प्रयास गरिनेछ।<br>• सबै खालका समुदायको भाषा, साक्षरता, क्षमता तथा पहुँचको अवस्थालाई मध्यनजर गर्दै सञ्चार सामग्री निर्माण गरिनेछ।<br>• महिला, बालिबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अति विपन्न र निरक्षर समुदायहरूको विशेष आवश्यकता र सोही अनुरूपको सञ्चार माध्यम, भाषा वा विधि अवलम्बन गरिनेछ।<br>• भूकम्प सुरक्षा दिवस, विपद् जोखिम न्यूनीकरण सम्बन्धी अन्तर्राष्ट्रिय दिवस, अन्तर्राष्ट्रिय चट्याङ दिवस लगायतका राष्ट्रिय तथा अन्तर्राष्टिय दिवसहरू मार्फत् जोखिमबारेको बुझाइमा अभिवृद्धि गरिनेछ। |
| २. संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरणमा सहयोग गर्ने। | • सबै तहका सरकारले निर्माण गर्ने नीति, कार्ययोजना, कार्यक्रममा सञ्चार सम्बन्धी नीति तथा कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ।<br>• राष्ट्रिय विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन गरी विपद् व्यवस्थापन सम्बन्धी सूचना संकलन, विश्लेषण र सम्प्रेषण गरिनेछ।<br>• विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्विपक्षीय एवं बहुपक्षीय सहायताको एकीकृत अभिलेख राखिनेछ।<br>• सबै सरोकारवाला निकायबीच स्थानीयदेखि राष्ट्रिय स्तरसम्म सूचना साझेदारी गरी प्राधिकरणलाई समन्वयकारी संस्थाका रूपमा स्थापित गरिनेछ।<br>• पूर्वानुमान, अनुगमन, खोज तथा उद्धारमा क्षमता अभिवृद्धिका लागि संस्थागत, नीतिगत र कार्यक्रमिक साझेदारी गरिनेछ।<br>• प्रदेश र स्थानीय तहमा वेब पोर्टल, स्थानीय विपद् उत्थानशील कार्यढाँचा लगायतका सूचना प्रणाली तथा दस्तावेजमा सञ्चारलाई आबद्ध गरिनेछ। |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| | • विपद् सम्बन्धी नीति निर्माण तहमा महिला, बालिबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अति विपन्न र निरक्षर समुदायको सहभागितालाई प्रोत्साहित गरिनेछ। |
| ३. उत्थानशीलता वृद्धिका लागि विपद् जोखिम न्यूनीकरणमा निजी तथा सार्वजनिक लगानी अभिवृद्धि गर्ने। | • तहगत सरकार तथा सरोकारवाला निकायलाई बार्षिक बजेटको निश्चित हिस्सा विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउन प्रोत्साहित गरिनेछ।<br>• निजी विद्यालय, स्वास्थ्य संस्था, उद्योग, कलकारखानाले लगानी तथा नाफाको निश्चित प्रतिशत विपद् जोखिम न्यूनीकरणको पूर्वाधार तथा क्षमता अभिवृद्धिमा खर्च गर्न प्रेरित गरिनेछ।<br>• निजी क्षेत्रलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषको व्यवस्था गर्न प्रेरित गरिनेछ।<br>• विकास साझेदार, मानवीय क्लस्टर समूहहरूसँग समन्वय र सहकार्यका लागि संयन्त्र निर्माण गरिनेछ। सरकार र मानवीय समूहहरूबीच समन्वय गरिनेछ।<br>• अपाङ्गता भएका नागरिकका लागि पहुँचयोग्य पूर्वाधारहरूमा लगानी गर्न प्रेरित गरिनेछ।<br>• उद्यमशीलतामा आधारित विपद् व्यवस्थापन क्षेत्रका नवीनतम् अवधारणा तथा विचारलाई स्टार्टअपमार्फत् प्रोत्साहित गरिनेछ। |
| ४. प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरणमा सक्रिय रहने। | • आपतकालीन उद्धार र राहतमा खटिने जनशक्ति, शिक्षक, विद्यार्थी, अभिभावक, स्वास्थ्यकर्मीका लागि सञ्चार सामग्री उत्पादन गरिनेछ। उनीहरूसँग समय-समयमा अन्तरक्रिया गरिनेछ।<br>• बहुप्रकोपीय पूर्वचेतावनी प्रणालीबाट प्राप्त सूचना जनस्तरसम्म सम्प्रेषणको व्यवस्था मिलाइनेछ।<br>• संभावित विपद्हरूबारे सरोकारवाला निकायले प्रकाशित गर्ने बुलेटिन तथा सूचनालाई प्रचारप्रसार गरिनेछ।<br>• विपद्को प्रदेशगत, भौगोलिक एवं सबैभन्दा बढी प्रभावित क्षेत्र (hotspot), ती क्षेत्रका प्रमुख भाषाहरू निर्क्योल गरी सोहीअनुसार सञ्चार गरिनेछ।<br>• राहत तथा उद्धारमा सक्रिय संघ संस्थालाई विपद् प्रभावितहरूको आवश्यकताबारे सुसूचित गरिनेछ।<br>• देशभित्रका असल प्रयास तथा अभ्यासहरूबारे सञ्चार गरिनेछ। नागरिकमा विपद् व्यवस्थापनमा स्वयंसेवी भावनाको विकास गर्न प्रयास गरिनेछ।<br>• विपद्मा लैङ्गिक तथा बालबालिका विरुद्धको हिंसालाई निरुत्साहित गर्ने खालका जनचेतनामूलक सामग्रीहरू उत्पादन गरी प्रशारण र वितरण गरिनेछ। मनोसामाजिक परामर्श दिंदा हिंसा पीडित वा संवेदनशील समुदायलाई प्राथमिकतामा राखिनेछ।<br>• विपद्को समयमा हुन सक्ने हिंसाजन्य कार्यलाई निरुत्साहित गर्न बहस पैरवी गरी विशेष प्रकारका मनोसामाजिक परामर्श सेवा विकास र सञ्चालनमा सहयोग गरिनेछ।<br>• महिला, बालिबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अति विपन्न र निरक्षर समुदायहरूबाट समेत स्वयंसेवक व्युरोमा सहभागिताका लागि प्रोत्साहित गरिनेछ।<br>• लक्षित समुदाय विशेष पूर्व तयारी अभ्यास (simulation) गर्न प्रेरित गरिनेछ। |



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| ५. पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा अझ राम्रो र बलियो निर्मणिका लागि प्रोत्साहित गर्ने। | • विपद् पश्चात पुनर्निर्माण र पुनर्स्थापनामा अझ राम्रो, बलियो र सुरक्षित निर्माण गर्न प्रोत्साहन गरिनेछ।<br>• विपद् जोखिमबाट सुरक्षित संस्कृति निर्माणका लागि समुदाय स्तरसम्म सुसूचित गर्दै लगिनेछ।<br>• देशभित्र र बाहिरका सफल अभ्यासहरूबारे प्रचार प्रसार गरिनेछ।<br>• सामाजिक तथा आर्थिक पुनर्लाभ एवं पुनर्स्थापनामा लगानी गर्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रलाई अभिप्रेरित गरिनेछ।<br>• महिला डकर्मी तालिम लगायतका समुदायको क्षमता अभिवृद्धि र स्थानीयकरणमा सहयोग पुग्ने खालका अनुभवहरूलाई विस्तार गर्न प्रोत्साहित गरिनेछ।<br>• विद्यमान भवन संहिताको प्रभावकारी कार्यान्वयन तथा बहु विपद्बाट सुरक्षित बनाउने गरी भवन संहिता अद्यावधिक गर्न पैरवी गरिनेछ। |
| ६. विपद् जोखिम सम्बन्धी अनुसन्धान, तालिम र क्षमता अभिवृद्धि गर्ने। | • विपद् सम्बन्धी अनुसन्धान तथा तालिम केन्द्रमा सञ्चार सम्बन्धी विषयलाई प्राथमिकताका साथ समावेश गरिनेछ।<br>• विपद्को क्षेत्रमा काम गर्ने अधिकारी तथा कर्मचारीको सञ्चारसम्बन्धी क्षमता अभिवृद्धिका लागि अभिमुखीकरण, तालिम, अन्तरक्रिया लगायतका कार्यक्रमहरू गरिनेछ।<br>• अनुसन्धान, खोज तथा शोध कार्यलाई प्रोत्साहित गरिनेछ। स्रोतको उपलब्धताअनुसार अनुदान सहयोग उपलब्ध गराइनेछ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित तथ्य, तथ्याङ्क, दस्तावेज, अनुभव, संस्थागत सिकाइको व्यवस्थित अभिलेखीकरण तथा दस्तावेजीकरण गरिनेछ।<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा आधारभूत उपकरण तथा प्रविधियुक्त सञ्चार केन्द्रको स्थापना गरिनेछ।<br>• इञ्जिनियरिङ तथा आर्किटेक्चरको पाठ्यक्रममा सुधार तथा अद्यावधिक गर्न विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ।<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा रहने इ—लर्निङ प्लेटफर्ममा सञ्चार सम्बन्धी विषयलाई अलग्गै मोडुलका रूपमा विकास गरिनेछ।<br>• महिला, बालिबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अति विपन्न र निरक्षर समुदायहरूको विशेष आवश्यकता अनुसार तालिम पाठ्यक्रम विकास र क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ। |
| ७. प्रभावकारी विपद् व्यस्थापन सूचना प्रणाली र प्रविधिको विकास गर्ने। | • सूचना प्रवाहलाई विद्युतीय तथा डिजिटल माध्यम प्रयोग गरी शीघ्र सञ्चार गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ। विपद् पोर्टललाई बहु-जोखिम एकीकृत विपद् सूचना व्यवस्थापन प्रणालीको रूपमा सुदृढ गर्दै सञ्चालन गरिनेछ।<br>• सूचना प्रवाहका लागि Common Alerting Protocol (CAP) प्रविधिलाई प्राथमिकता दिइनेछ। विपद् सञ्चारलाई टिभी, रेडियो, सामाजिक सञ्जाल र अन्य सार्वजनिक प्रसारण प्रणालीसँग अन्तरसञ्चालनयोग्य बनाइनेछ। |

प्रमाणित प्रतिलिपि



नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| | • विपद् सूचना व्यवस्थापन प्रणालीलाई सूचना प्रवाहको माध्यमका रूपमा स्तरोन्नति गर्नको लागी आवश्यक सर्भर र भौगोलिक सूचना प्रणालीमा आधारित प्रणाली अध्यावधिक गरिनेछ।<br>• विपद्को समयमा सबै सरोकारवालाहरूलाई एकसाथ सूचना प्रवाह गर्ने Message Broadcasting System तथा मोवाइल एप्स विकास गरी उपयोग गरिनेछ, जसमा वर्षा र मौसमका जानकारी, जोखिम, घटना, सडक अवरोध प्रसार र सार्वजनिक उपयोग लगायतका सुविधाहरू सहित विपद् पोर्टलको मोबाइल एप विकास गर्दै आम जनमानसलाई जानकारी उपलब्ध गराइनेछ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा विद्यमान एकीकृत विपद् सूचना व्यवस्थापन प्रणाली (विपद् पोर्टलमा) अन्तरआवद्धता (interoperability) तथा Application Programming Interface (API) मार्फत् एकीकरण गरिनेछ। |
| ८. दिगो विपद् जोखिम वित्तीय व्यवस्थापनमा योगदान गर्ने। | • निजी आवास लगायतका संरचना, बालीनाली, पशुधन आदिको बिमा गर्न नागरिकहरूलाई उत्प्रेरित गरिनेछ।<br>• सार्वजनिक तथा निजी ठूला पूर्वाधारहरूको जोखिम बहनका लागि बिमा गर्न प्रोत्साहित गरिनेछ।<br>• विपद् व्यवस्थापन कोषको प्रभावकारी सञ्चालनका लागि सञ्चारलाई उपयोग गरिनेछ।<br>• संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन सन् २०२१ (कोप २६) को जलवायु सम्झौता अनुसार क्षतिपूर्तिका लागि पैरवी गरिनेछ।<br>• विभिन्न वित्तीय संयन्त्र (financing mechanism) तथा विकास साझेदारहरूसँग समन्वयको प्रयास गरिनेछ।<br>• पूर्वाधार तथा वातावरणमा क्षति गराउने पक्षले क्षतिपूर्ति गर्नुपर्ने मान्यताको वकालत गरिनेछ।<br>• अन्तर्राष्ट्रिय असल अभ्यासहरूबाट स्थानीय परिस्थिति सुहाउँदो दिगो विपद् जोखिम वित्तीय व्यवस्थापनका मोडालिटी अवलम्वन गर्न खोज, अनुसन्धान र प्रचारप्रसारमार्फत् प्रेरित गरिनेछ। |
| ९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने। | • विपद् जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूका बारेमा सरोकारवाला निकायलाई निरन्तर स्मरण गराइनेछ।<br>• सञ्चारमाध्यम, प्राज्ञिक तथा अनुसन्धानमूलक संस्था, स्वयंसेवी संगठन, राजनीतिक दल, नागरिक समाज लगायतसँग साझेदारी गरिनेछ।<br>• विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा राज्यका निकाय तथा सर्वसाधारणका सरोकार र आवश्यकताको प्राथमिकता निर्धारण, स्रोत व्यवस्थापन लगायतका विषयमा सार्वजनिक मञ्चहरूमा पैरवी गरिनेछ।<br>• सबै खालका विकास पूर्वाधार निर्माण गर्दा योजना, ड्रइङ, डिजाइन तथा कार्यान्वयनमा विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गर्न अभिप्रेरित गरिनेछ।<br>• प्राधिकरणको कार्यक्षेत्र, जिम्मेवारी तथा कार्यहरू/गतिविधिहरूका बारेमा निरन्तर प्रचार गरिनेछ। |



प्रमाणित प्रतिलिपि
नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| | • विपद् जोखिम सम्बन्धी अध्ययन अनुसन्धान गर्न छात्रवृत्ति, शोध अनुदान, फेलोसिप प्रदान गरिनेछ। निबन्ध, कथा, कविता, फोटो, चित्रकला प्रतियोगिता, हाजिरीजवाफजस्ता कार्यक्रम गरिनेछ। |
| १०. विपद् जोखिम न्यूनीकरणका लागि आमसञ्चार जगत्सँग सघन सहकार्य गर्ने। | • प्राधिकरणका गतिविधिहरू आमसञ्चार माध्यमसम्म लैजान तथा आमसञ्चारका माध्यमहरूलाई प्राधिकरणबाट आधिकारिक जानकारी तथा धारणा प्राप्त गर्न प्रवक्ताको व्यवस्था गरिनेछ।<br>• ठूला विपद्का बेला एवं विपद् सम्बन्धी सन्दर्भ एवं दिवस लगायतमा प्रेस वक्तव्य प्रकाशन, पत्रकार भेटघाट, अन्तरक्रिया गरिनेछ।<br>• आमसञ्चारलाई विपद्सम्बन्धी रिपोर्टिङका लागि सहजीकरण गर्न आमसञ्चार पुस्तिका, बारम्बार सोधिने प्रश्नहरू लगायत प्रकाशन गरिनेछ।<br>• सञ्चारकर्मीमा विपद् जोखिमसम्बन्धी विषयवस्तुको बुझाई अभिवृद्धि गर्न अभिमुखीकरण, तालिम लगायत कार्यक्रम सञ्चालन गरिनेछ।<br>• विपद्बाट प्रभावित क्षेत्रहरू एवं न्यूनीकरण तथा व्यवस्थापनका सफल अभ्यासहरूको स्थलगत अध्ययनका लागि सहजीकरण गरिनेछ।<br>• सञ्चार सम्बन्धी सम्पूर्ण कार्यका लागि प्राधिकरणमा अलग्गै शाखा र कार्यसमूह गठन गरिनेछ। |
| ११. सञ्चारका विषयवस्तुको एकरूपता र गुणस्तरमा सहजीकरण गर्ने। | • विभिन्न सरकारी निकायबाट विपद् सम्बन्धी सन्देशहरू उत्पादन गर्दा प्राधिकरणसँग समन्वय गर्न प्रोत्साहित गरिनेछ।<br>• प्राधिकरणसँग सहकार्य गर्ने अन्य निकायका सञ्चार सामग्रीको परीक्षण तथा स्वीकृति लिने प्रक्रिया अवलम्बन गरिनेछ।<br>• कार्यसमूहले सञ्चार सामग्रीको परीक्षण तथा स्वीकृतिको कार्य गर्नेछ।<br>• सञ्चार सामग्रीको उत्पादन तथा प्रकाशन एवं प्रशारणमा सहयोग गर्न सन्दर्भ सामग्री, विपद् सम्बन्धी शब्दावली लगायत प्रकाशन गरिनेछ।<br>• प्रकाशन/प्रशारण गरिएका विपद्सँग सम्बन्धित सामग्रीको अनुगमन गरिनेछ। |

प्राधिकरणले यस रणनीति बमोजिम प्रत्येक आर्थिक वर्षका लागि बार्षिक कार्ययोजना तर्जुमा गरी लागू गर्नेछ।

## १५. लक्षित वर्ग

यस रणनीतिका लक्षित वर्ग तल उल्लेख गरिए बमोजिम हुनेछन्:

- संघीय सरकारका विषयगत मन्त्रालय तथा निकायहरू
- प्रदेश सरकारका विषयगत निकायहरू
- स्थानीय तहहरू
- प्रदेश, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिहरू
- संघीय संसद तथा प्रदेशसभाका सम्बन्धित समितिहरू
- संघीय संसद सदस्य तथा प्रदेश सभा सदस्यहरू



प्रमाणित प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

- स्थानीय सरकारका जनप्रतिनिधिहरू
- नागरिक समाजका संगठनहरू
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न विकास साझेदारहरू
- गैरसरकारी संस्थाहरू, निजी क्षेत्र
- समाजमा विचार निर्माण तथा सम्प्रेषण गर्ने अगुवाहरू
- आमसञ्चारका माध्यमहरू, सञ्चारकर्मीहरू, लेखक तथा विश्लेषकहरू
- आपतकालीन निकायका अधिकारीहरू, सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीहरू
- प्राविधिक विशेषज्ञहरू, वैज्ञानिक समुदाय
- शिक्षक, विद्यार्थी, युवा, स्काउट एवं स्वयंसेवकहरू
- आम नागरिक।

## १६. सञ्चारका माध्यमहरू

सञ्चारका माध्यमहरूको प्रयोग मूलतः ऐन तथा नीतिले निर्दिष्ट गरेका उद्देश्यहरू, लक्षित श्रोतागण र गतिविधिको क्षेत्रमा निर्भर गर्छ। जस्तै, तल प्रयोग गर्न सकिने मुख्य माध्यमहरूको सूची उल्लेख गरिएको छ तर त्यो प्रत्येक उद्देश्य र गतिविधिको समय, स्थान र आवश्यकताअनुसार फरक-फरक हुन सक्छ।

- **छपाईः** पर्चा, पम्पलेट, प्रेस विज्ञप्ति, ब्रोसर, पुस्तिक, निर्देशिका, न्युजलेटर, जर्नल, अनुसन्धान पत्र, रिपोर्ट, केस स्टडी
- **आमसञ्चारका माध्यमहरूः** रेडियो टेलिभिजन, पत्रपत्रिका, अनलाइन, न्युज एजेन्सी
- **श्रव्यदृश्यः** श्रव्य, भिडियो, मल्टिमिडिया, फोटो, नक्सा, स्लाइड-सो, चित्रकला, ग्राफ, एनिमेसन, मोडल, एआर/भिआर
- **डिजिटल माध्यमः** वेबसाइट, सामाजिक संजाल, मोबाइल सन्देश, एमएमएस, रिङटोन, एप्स, टोलफ्री हेल्पलाइन, प्रत्यक्ष र स्वचालित टेलिफोन
- **आमनेसामनेः** बैठक, सम्मेलन, सेमिनार, प्रदर्शनी, तालिम, अन्तरक्रिया, गोष्ठी, सार्वजनिक सुनवाई, भ्रमण, र्याली, सर्वेक्षण
- **लोक माध्यमः** गीत, संगीत, नाटक, नृत्य, सडक नाटक, कथावाचन, म्युरल आर्ट (mural art)
- **नागरिकः** सामुदायिक अगुवाहरू, स्वंसेवक, महिला समूहका नेता, स्काउट, स्वास्थकर्मी, सुरक्षाकर्मी, आगलागी नियन्त्रक (फायरफाइटर)
- **सूचनापाटीः** ब्यानर, पोष्टर, चेतावनी चिह्न, डिजिटल डिस्प्ले

## १७. सञ्चार व्यवस्थापन संयन्त्र

प्राधिकरणले व्यवस्थित सञ्चार संयन्त्रको स्थापना गर्नेछ। कार्यकारी प्रमुख मुख्य सञ्चारकर्ता हुनेछन्। रणनीतिक तहमा सन्देशहरूको विकास तथा प्रसार प्रक्रियालाई अघि बढाउन कार्यकारी प्रमुख एवं सहसचिवहरूको निरन्तर मार्गनिर्देशन रहनेछ।

सञ्चार सामग्रीको उत्पादन, प्रशोधन, वितरण तथा अनुगमनका लागि प्राधिकरणका प्रवक्ता (उपसचिव) को नेतृत्वमा सञ्चार कार्यसमूहको गठन गरिनेछ। यो कार्यसमूहले प्राधिकरणसँग विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सहकार्य गरिरहेका निकायका सामग्रीको जाँचसमेत गर्नेछ। दैनानुदिनका सञ्चारका कार्यहरूको व्यवस्थापन यसै



प्रमाणित प्रतिलिपि

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

कार्यसमूहको जिम्मेवारी हुनेछ। तथापि, विपद्को समयमा सञ्चार सम्बन्धी कार्यहरू हेर्ने गरी विशेष कार्यसमूह गठन गर्न सकिनेछ।

सञ्चार कार्य समूहको संरचना निम्नानुसार हुनेछः

| | |
|---|---|
| अ) प्रवक्ता | संयोजक |
| आ) सूचना अधिकारी | सदस्य |
| इ) सञ्चार विज्ञ | सदस्य |
| ई) सूचना प्रविधि विज्ञ | सदस्य |
| उ) शाखा अधिकृत, सूचना, सञ्चार तथा समन्वय शाखा | सदस्य सचिव |

## १८. अनुगमन तथा मूल्याङ्कन

कार्यकारी समितिले केन्द्रीय स्तरमा यस सञ्चार रणनीतिअन्तर्गत भएका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। यस सञ्चार रणनीतिबाट विपद् जोखिमहरू न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा पुगेको सचेतनाको अवस्थाका साथसाथै उत्थानशील समाज निर्माणमा पुगेको योगदानलाई ध्यान दिइनेछ। यस रणनीतिअनुसार भएका सञ्चार कार्यको प्रभावकारिता तथा सुधार गर्नुपर्ने पक्षबारे प्राधिकरणले विभिन्न तहगत सरकारका निकायहरू, सरोकारवाला निकायहरू, विकास साझेदार, आम सञ्चारमाध्यम लगायतसँग छलफल गर्नेछ।

## १९. स्रोत व्यवस्थापन

नेपाल सरकारको नियमित बजेट तथा कार्यक्रम एवं निजी क्षेत्र, साझेदार संस्थाहरूमार्फत् स्रोत व्यवस्थापन गरिनेछ।

## २०. संचारमा साझेदारी

प्राधिकरणसँगको सहकार्यमा विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित सूचना जारी गर्न चाहने साझेदारहरूले उनीहरूका सन्देश तथा उत्पादन प्राधिकरणको सञ्चार कार्यसमूहबाट स्वीकृत गराउनुपर्नेछ।

त्यस्ता, सञ्चार सन्देश तथा उत्पादनहरूमा निम्न प्रचार वाक्य संलग्न गराउनुपर्नेछ- 'सार्वजनिक हितका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सहकार्यमा'। त्यस्ता सञ्चार सामग्रीहरूमा प्रयोग गरिने सङ्केत, छाप एवं चिह्नको आकार, अनुपात तथा प्रतिष्ठापन (placing) लगायतका विषय प्राधिकरण र सम्बन्धित संस्थाबीचको समझदारीमा टुंगो लगाइनेछ।

विपद् व्यवस्थापनमा संलग्न सरकारी, गैरसरकारी र निजी क्षेत्रका संस्थाले यो रणनीतिको अनुशरण गरी आफ्ना प्राथमिकता क्षेत्र र स्रोतहरूका आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सञ्चार योजना तयार गर्न सक्ने छन्।

## २१. रणनीतिको पुनरावलोकन

गतिशील दस्तावेज भएकाले यस रणनीतिको कार्यान्वयन गर्ने क्रममा प्राप्त सिकाइ तथा पृष्ठपोषणका आधारमा यसलाई आवश्यकताअनुसार परिमार्जन गर्दै लगिनेछ।

---

प्रमाणित प्रतिलिपि



नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| पोष्ट बक्स नं: | २१३२१३ |
| फोन नं: | ९७७-१-४२११९७, ९७७-१-४२११९५ |
| इमेल: | info@bipad.gov.np |
| वेबसाइट: | http://bipad.gov.np |
| विपद् डाटा पोर्टल: | http://bipadportal.gov.np |
| Facebook: | https://www.facebook.com/NDRRMA |
| Twitter: | @NDRRMA_Nepal |
| Youtube: | https://www.youtube.com/@NDRRMA |
| Viber Channel: | विपद् सूचना (NDRRMA) |
| प्रवक्ता सम्पर्क नं: | ०१-४२११४७१ / ९८५१३२०२६९ |